पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ४७ | २०७१ असार २० गते शुक्रबार (July. 4, 2014) | मूल्य रू. १०/-

## माओवादीका पाँच घटक जोडिए

काठमाडौं । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल आफ्नै पार्टीबाट विभिन्न समयमा विभाजित हुँदै गठन भएका चारवटा माओवादी पार्टीसँग एमाओवादीको पार्टीगत एकता गराउन सफल भएका छन् । एमाओवादीसहितका पाँच पार्टीले पहिलो चरणमा कार्यगत एकता गरेका छन् । त्यसरी कार्यगत एकता गर्नेहरूमा एमाओवादी, नेकपा-माओवादी, मातृका यादवले नेतृत्व गरेको नेकपा(माओवादी), नेकपा एकीकृत क्रान्तिकारी कम्युनिष्ट पार्टी रहेका छन् । अहिले कार्यगत एकता गर्ने पार्टीहरू मध्ये एमाओवादी मात्र संविधानसभाभित्र रहेको छ भने अन्य चार दल आफ्नो अस्तित्व देखाउन सघर्षरत रहेका छन् । पछिल्लो समयमा नेकपा-माओवादी बाहेकका अन्य तीन दलको मुलुकभरमा खासै उपस्थिति रहेको देखिँदैन । (बाँकी अन्तिम पेजमा)

# व्यक्तिगत खेलले माओवादी फेल

काठमाडौं । प्रचण्डको व्यक्तिगत महत्वाकांक्षा र निरन्तरको स्वार्थी खेलले एमाओवादी फेल भएको छ । संविधानसभाको चुनावबाट 'थर्डक्लास'मा झरेको एमाओवादी असार ८ को उपनिर्वाचनबाट जमानत बचाउन नसक्ने 'ब्रेकफेल'को दयनीय स्थितिमा पुगेको छ । यति हुँदा पनि प्रचण्डले जिम्मेवारी बोध गर्न सकेनन् र अझै माओवादी विचारधाराका शक्ति एकतृत गरेर प्रहार गर्ने रणनीतिमा लागिपरेका छन् ।







प्रचण्डले मोहन वैद्य, मणि थापा, मातृका यादव, परी थापाको माओवादी शक्ति मिलाएर मिसायल बनाउन थालेका छन् । यो मिसायल कहिले परीक्षण गर्ने, कहिले दाग्ने र कहिले शक्ति आर्जन गर्ने ? स्पष्ट छैन । चुनाव (बाँकी अन्तिम पेजमा)

## एमाओवादी किन कालो निलो

काठमाडौं । संसदमा विदेशमा रहेको कालो धन फिर्ता गर्नुपर्छ भनेर कुरा उठ्नासाथ एमाओवादी नेताको अनुहार कालोनीलो हुने गरेको छ । त्यसमाथि स्वीस, अमेरिका र अन्य मुलुकमा नेपालीको कालोधन छलफल भएको र ती कालोधन बारे विस्तृत विवरण माग्ने छलफल सुरू भएको खबरले एमाओवादी नेताहरूको निद उडेको छ ।

खासगरी अमेरिकाले आतंककारी र लागूऔषध कारोबारीले विदेशमा कालोधन थुपारेको हुनसक्ने आशंका गर्दै नेपाललाई सहयोग गर्न तयार रहेको बताएपछि विदेशमा पैसा थुपार्ने भ्रष्टाचारीहरू तर्सिन थालेका छन् । भनिन्छ, नेपालीको विदेशमा १५ हजार करोड सम्पत्ति छ । त्यो सम्पत्ति नेपाल फर्काउन सके नेपालमा ठूलो उद्योगधन्दा निर्माण गर्न सकिने अर्थविदहरूको (बाँकी अन्तिम पेजमा)

## चुड्किको भरमा चुनाव रोकिदिन्थेँ

अभियान संवाददाता

काठमाडौं । एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले आफ्नो असफलता र नालायकीपनलाई लुकाउनैका लागि संविधानसभाको दोस्रो निर्वाचनमा भएको पराजयको दोष पार्टी कार्यकर्तालाई नै लगाएका छन् । आफ्ना पार्टी कार्यकर्ता र केही नेताहरूले आफूलाई गलत रिपोर्टिङ गरेकाले संविधानसभाको दोस्रो निर्वाचनमा पराजय भोग्नु परेको दाहालले बताएका छन् ।

हामी माथिका नतेहरू मिलेपनि तल्लो तहका कार्यकर्ताहरूमा देखिएको फुट र गुटका कारण केन्द्रलाई गलत रिपोर्टिङ हुँदा संविधानसभाको दोस्रो निर्वाचनमा पार्टीले पराजय भोग्नु परेको स्वीकार गर्दै अध्यक्ष दाहालले चुनाव हार्देछौं भन्ने सही जानकारी आफूले पाएको भए चुड्कीको भरमा चुनाव रोकिदिन्थेँ भन्दै चुनावमा दुई तिहाई आउँदै छ भन्ने गलत रिपोर्टिङ भयो, जितिन्छ भन्दा भन्दै नराम्रोसँग हारियो ।

अध्यक्ष हालले उक्त कुरा मोरङको इन्द्रपुरमा कोचिला, लिम्बुवान र किराँत राज्यका प्रतिनिधि सहभागीहरूलाई प्रशिक्षण दिने कार्यक्रममा बताएका हुन् । उनले आफूले केन्द्रबाट प्रतिनिधिहरूलाई क्षेत्र क्षेत्रमा पुगेर क्षेत्रगत रिपोर्टिङ गर्न भने पनि उनीहरूलाई समेत गलत रिपोर्टिङ भयो भन्दै करिब ७ सय प्रतिनिधि सहभागीलाई सम्बोधन गर्दै केन्द्रमा नेता नमिल्दा धेरै बेफाइदा नभएपनि कार्यकर्ताहरूमा गुट, उपगुट र फुट आउँदा त्यसले पार्टीलाई नराम्रो धक्का पुगेको बताएका थिए ।

सोही प्रशिक्षण कार्यक्रममा नेता डा.बाबुराम भट्टराईले सम्बोधन गर्दै अगाडि भने, युद्धकालदेखि नै पार्टीभित्र रहँदै आएको समूह विभाजन, गुट, उपगुटले पार्टीलाई क्षति पुऱ्याएको बताउँदै अब पनि नमिलेर बस्ने हो भने पार्टी अझ तल पाचौं छैठौं स्थानमा पुग्न बेर छैन भन्दै अब कसैले पनि अहम नगरी पार्टीलाई एक ढिक्का बनाएर लैजानु पर्ने बताउँदै पार्टी विभाजनको पीडा सबैले भोगिसकेको हुनाले अब सबै माओवादी पार्टीहरू एक भएर अघि बढ्न सकेको खण्डमा मात्र पार्टीको अस्तित्व रहन सक्ने बताएपछि प्रशिक्षण कार्यक्रममा सहभागी भएका कार्यकर्ताहरूले विराटनगरमा भएको राष्ट्रिय सम्मेलनको मूल्यांकन गर्दै अब पार्टीलाई नयाँ ढंगबाट अगाडि बढाउन नेताहरूलाई आग्रह गरेका थिए । त्यसैबेला अध्यक्ष दाहालले पाँच कम्युनिष्ट पार्टीहरूको एकीकरण हुने उद्घोष समेत गरेका थिए ।

## हामीलाई पनि ५ करोड

अभियान संवाददाता

काठमाडौं । आफ्नै पार्टीको सरकार हुँद पनि हामीले आफ्नो चुनाव क्षेत्रका लागि ५ करोड नपाए कहिले पाउने ? पाएको जनमत बचाउन भएपनि ५ करोड चाहिन्छ भनेर सानेपास्थित कांग्रेस हाउसमा सभासदहरू चर्किएपछि अर्थमन्त्री अप्ठेरोमा परेका छन् । एकातिर अन्य दलका सभासदहरूले १० लाख पुगेन ५ करोड चाहिन्छ भनेर हस्ताक्षर अभियान चलाइरहेका छन् भने कांग्रेसी सभासदहरूले कांग्रेस हाउसमै बबाल मच्चाएपछि अर्थमन्त्रीलाई धर्मसंकट परेको हो ।

सभासदहरूले मनलागि खर्च गर्न पाउने विकास बजेट ५ करोड मागेपछि सभासदको काम संविधान निर्माण, नियम कानुन बनाउने कि विकास बजेट



खर्च गर्ने हो ? भन्ने प्रश्न जनमानसमा उठिसकेको छ । कतिपय बुद्धिजिवीले (बाँकी अन्तिम पेजमा)



## एकता भाँड्ने महाधिवेशन

काठमाडौं । 'एकताको महाधिवेशन' भनेर जतिसुकै ढ्यांग्रो ठोके पनि एमालेको महाधिवशेन एकता भाँड्ने महाधिवेशनका रूपमा देखिएको छ । अध्यक्ष झलनाथ खनालले दुवै उम्मेदवार माधवकुमार नेपाल र केपी शर्मा ओलीलाई बसालेर आफैंलाई साझा उम्मेदवारका रूपमा उभ्याए पनि माधव र केपीको प्रतिस्पर्धाले स्वीकार गरेन र यी दुवै उम्मेदवारबीच भाले भीडन्त निश्चित भएको छ । एमालेभित्रको गणीतिय हिसाबका ज्ञाता भन्छन्, ७५ प्रतिशत (बाँकी अन्तिम पेजमा)

## सार्कमा भारतीय दादागिरी

काठमाडौं । यसवर्ष नेपालले सार्क सम्मेलन गर्ने तयारी गरिहेको बेलामा भारतीय पत्रिका टाइम्स अफ इन्डियाले सार्क सचिवालय दिल्लीमा बन्दैछ भन्ने समाचार सार्वजनिक गरेपछि सार्कमा बबाल सुरू भएकोछ । सार्कका सदस्य राष्ट्रहरूभारतको यो कुन कुट्नीतिक चाल हो भनेर आश्चर्य प्रकट गरिरहेका छन् । यस्तो प्रचार बारे पाकिस्तानले तिखो व्यंग्य हानेको छ । स्मरणीय छ, भारतको संचार माध्यमले परराष्ट्र सम्बन्धमा बिना निर्देशन कुनै समाचार छाप्दैनन् ।

(बाँकी अन्तिम पेजमा)



## मन्त्री, सचिवलाई कारबाही गर्ने अधिकार अख्तियारलाई देउ

काठमाडौं । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीले अब आयोगले ठूला माछा अर्थात् ठूला भ्रष्टाचारीहरूलाई समेत कारबाही गर्ने उद्घोष जनकपुरमा पुगेर गरेका छन् । कार्की विभिन्न धार्मिक तथा सामाजिक कार्यक्रममा सहभागी हुन जनकपुर पुगेका हुन् । त्यहाँ उनले साना माछा धेरै समातिए पनि ठूला माछा समात्न नसकिएको स्वीकार गर्दै अब आयोगको ध्यान ठूला माछा समात्नतिर केन्द्रित भएको बताए पनि अहिलेसम्म आयागको कारबाही हेर्दा ठूला भ्रष्टाचारीहरू समातिने सम्भावना ज्यादै न्यून रहेको छ । प्रमुख आयुक्त कार्कीले आयोग संवैधानिक भएकाले त्यहाँ कसैको



राजनीतिक आस्थाबाट कारबाही नगरिने बताउँदै अख्तियारमा राजनीतिक नियुक्ति हुने भएपनि हामी कसैको दबाबमा काम गर्दैनौं भन्दै हामीहरू निष्पक्ष भएर कामकारबाही गरिहेका छौं भन्ने उद्घोष समेत गरेका थिए ।

अख्तियारले दिएका निर्देशनाहरूको पालना गराउने दायित्व र कर्तव्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको र सम्बन्धित निकायको भएपनि आयोगले दिएका निर्देशनहरू पालना नभएका थुप्रै उदाहरणहरू भेटिएका छन् । पीडित व्यक्तिले आयोगको निर्देशनको पालनाका लागि 'प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निवेदन (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# नीति तथा कार्यक्रमले उत्साह जगाएन

*सरकारले पुरानो कार्यक्रममा केही नयाँ थप गरेर आफ्नो नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । सरकारले सर्वाजनिक गरेको नीति तथा कार्यक्रममा संविधान निर्माण र शान्ति प्रक्रियाको कार्यलाई पुरा गर्नेदेखि लिएर विकास निर्माण र सामाजिक सुधार तथा आर्थिक विकासलाई पहिलो प्राथमिकताा राखेको छ । जनताका तत्कालका आवश्यकता पुरा गर्ने खालको कुनै कार्यक्रम सरकारले ल्याउन नसकेको हुनाले नीति तथा कार्यक्रमप्रति जनता उत्साहित हुन सकेका छैनन् ।*

*संविधान निर्माण गर्ने पहिलो दायित्व र कर्तब्य भएपनि त्योसँगसँगै विकास निर्माणका कामहरु पनि अघि बढाउनै पर्छ । जनताले अपनत्व महसुस गर्न सक्ने संविधान जारी गर्नु सरकारको पहिलो कर्तब्य भएपनि संविधान निर्माणमा भने प्रत्यक्ष रुपमा सरकारको खासै महत्व नभएपनि अप्रत्यक्ष रुपमा संविधान निर्माणका लागि सरकारको महतवपूर्ण भूमिका हुन्छ । सहमति हुन नसकेका विषयहरुमा सरकारले सहजकर्ताको भूमिकामा रहेर आफ्नो उपस्थिति देखाउन सक्छ । सर्वदलीय बैठक बोलाएर सरकारले सबै दलबीच सहमतिको वातावण बनाउन सक्छ । सरकारले वि.सं. २०२२ सम्ममा नेपाललाई विकसित मुलुकको दाँजोमा पुऱ्याउने जुन अठोट लिएको छ, त्यसलाई पुरा गर्न सरकारले अहिलेको अवस्थामा जस्तै अघि बढेको खण्डमा त्यो पुरा हुन सक्ने सम्भावना नै नभएको हुनाले अहिलेदेखि नै त्यसका लागि सरकार गम्भीर भएर अघि बढ्नु पर्दछ । यी सबै कुराहरु पुरा गर्नका लागि आर्थिक स्रोतको अवाश्यकता हुने भएको हुनाले स्रोत, साधान कसरी जुटाउने र उत्पादन कसरी बढाउने भन्ने विषयमा सबै राजनीतिक दलहरुले साझ एजेण्डाका आधारमा अघि बढ्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ ।*

*पछिल्लो समयमा मुलुक भ्रष्टाचारको जालोमा डुबेको छ । सरकारी खर्चको उत्पादनशिलता, सुशासन एवं भ्रष्टाचाको गहिरो सम्बन्ध रहेको छ । नीति तथा कार्यक्रममा उल्लेख गरिएका विषयका बारेमा विगतका सरकारले समेत यो गर्ने त्यो गर्ने भन्ने वाचा गरेका भएपनि अहिलेको सुशील कोइराला नेतृत्वको सरकारले समेत त्यसैलाई दोहोऱ्याएको छ । सुशासन र भ्रष्टाचारलाई न्यूनिकरण गर्न त्यति सजिलो छैन । कोइराला सरकारका मन्त्रीहरु भ्रष्टाचारमा डुबेका समाचारहरु प्रकाशित भइरहेका भएपनि त्यस्ता मन्त्रीहरु माथि कारबाही हुने सम्भावना न्यून रहेको छ । हामीले अपनाएको प्रधानमन्त्रीय पद्दति नै अहिले असफल जस्तो देखिएको छ । प्रधानमन्त्रीय पद्दतिमा प्रधानमन्त्रीले नचाहेसम्म कुनै निर्णयहरु हुन सक्दैनन् । मन्त्रीहरुलाई नीति निर्देशन दिन काम प्रधानमन्त्री कै हो । त्यसैले प्रधानमन्त्री कार्यलयलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भनिन्छ । उक्त कार्यालयमा सरकारका मुख्यसचिवदेखि केही सचिवहरु र कानुन हेर्ने बेग्लै सचिव रहने ब्यवस्था भएपनि अहिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालिय गफ गर्ने अखडा जस्तो मात्र भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले दिएका आदेश, निर्देशनहरु पालना नभएको अवस्थामा त्यस्तो कार्यालयको अवाश्यकता नै किन ?*

*सरकारले ल्याएको आफ्नो नीति तथा कार्यक्रमलाई पुरा गराउने दायित्व सरकारमा सहभागी भएका दलहरु र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकै हो । हालै अर्थ मन्त्रालयलगायत अन्य मन्त्रालयहरुबाट ठूलो धनराशी रकमान्तर गरेर आफ्ना कार्यकर्तालाई पोस्ने कार्य गरिएको छ । त्यो रकममा ठूलो मात्रमा भ्रष्टाचार भएको छ । आर्थिक वर्ष सकिन १५/२० दिन मात्र बाँकी हुँदा ठूलो धनराशी खर्च गर्ने परम्परा नै गलत भएको छ । १५/२० दिनमा काम गरेको देखाउनैका लागि विल भरपाई मात्र बनाएर सम्बन्धित निकायमा पेश गरी फरफारक गर्ने कार्यले भ्रष्टाचारलाई नै बल पुग्छ । सरकारले भ्रष्टाचारलाई नियन्त्रण होइन, न्यूनिकरण गर्ने उपायहरु अवलम्बन नगरेसम्म नीतिगत निर्णयहरु गर्दा गरिने नीतिगत भ्रष्टाचार नरोकिएसम्म भ्रष्टाचार नियन्त्रण गर्छौं भन्नु जनतालाई ढाँट्नु बाहेक अन्य केही हुन सक्दैन । विश्वमा आजसम्म कहिँकतै भ्रष्टाचार नियन्त्रण भएको छैन, न्यूनिकरण मात्र गर्न सकिएका थुप्रै उदाहरणहरु हाम्रै सामु रहेका छन् ।*

*सरकारले २०२२ सम्ममा विकासशील राष्ट्रको रुपमा नेपलालाई समावेश गराउने जुन लक्ष्य लिएको छ, त्यो पुरा गर्नका लागि अहिलेको भन्दा सयौं गुण बढी आर्थिक स्रोतको अवाश्यकता पर्ने र विकास निर्माणले तिब्रता पाउनु पर्ने टड्कारो आवश्यकता देखिएको छ । पर्यटन ब्यवसायलाई आयआर्जनको मुख्य बाटो बनाउनु पर्नेमा हामीले राष्ट्रिय ध्वजाबाहक जहाजसम्म ल्याउन सकेका छैनौं । राष्ट्रिय ध्वजबाहक जहाज ल्याएर राम्रो सेवा दिन सकिएको खण्डमा त्यसले मुलुककै शाख बढ्ने र विदेशी मुद्रा आर्जनमा समेत मद्दत पुग्ने भएपनि त्यसो गर्न नसकिएको अवस्थामा राजनीतिमा राम्रो नीति तथा कार्यक्रम ल्याइएको बताएपनि जनताको आवश्यकता पुरा गर्न त्यो असफल र असक्षम जस्तै देखिएको छ । कागजमा लेखिँदैमा सबै राम्रो हुँदैन, ब्यवहारमा पनि राम्रो हुनपर्छ भन्ने हाम्रो ठहर रहेको छ ।*

# असफल भएकै हो त प्रधानमन्त्रीय पद्दति ?

**देवेन्द्र चुडाल**

२०७० मंसिर ४ गते सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनपछि लामो सस्साकस्सी गर्दै माघ २६ गते नेपाली कांग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा सरकार गठन भयो । कोइराला नेतृत्वको सरकारमा नेकपा एमालेसहितका अन्य केही साना दल सहभागी भएपछि सरकारसँग सामान्य दुई तिहाई मत रहेको छ । आफूसँग दुई तिहाई मत रहेपनि कोइराला सरकारले जनचाहाना अनुरूपको काम कारबाही अगाडि बढाउन नसकेको अवस्थामा उसको नीति तथा कार्यक्रम हेर्दा सामान्य नै लागे पनि उक्त नीति तथा कार्यक्रमले जनतालाई भने कुनै राहत दिन सक्ने अवस्था देखिएको छैन् । प्रत्येक सरकारले आफ्नो नीति तथा कार्यक्रमहरू अघि सारे पनि कार्यान्वयनमा जोड नदिने गरेका हुनाले प्रायः पुरानै कार्यक्रमलाई निरन्तरता दिँदै केही नयाँ कार्यक्रमहरू थपेर नीति तथा कार्यक्रम सर्वाजनिक गर्ने गरेको देखिन्छ । पछिल्लो समयमा सरकार र राजनीतिक दलहरूले जनतालाई ढाँटेका छन् । संविधानसभाको दोस्रो निर्वाचनमा जाँदा प्रायः सबै दलहरूले एक वर्षभित्रमा संविधान जारी गरी सक्ने र ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव सम्पन्न गर्ने प्रतिबद्धता आ–आफ्नो चुनावी घोषण पत्रमै उल्लेख गरेका भएपनि ति प्रतिबद्धताहरू पुरा भएनन् । दोस्रो संविधानसभाको पहिलो बैठक २०७० माघ ८ गते बसेको र त्यही मितिलाई गणना गरेर २०७१ माघ ८ गतेभित्रमा संविधान निर्माण गरिसक्ने प्रतिबद्धता दलहरूले जनाएका भएपनि अहिलेको अवस्था हेर्दा स्वयं उनीहरूले तोकेको समयसीमाभित्रमा संविधान निर्माण हुन सक्ने अवस्था देखिएको छैन ।

संविधानसभामा अहिलेपनि थुप्रै विवादका चाङ लगेका छन् । पहिलो संविधानसभाले झिना मसिना कुराहरूमा मात्र सहमति गरेर संविधान निर्माणको कार्य ८० प्रतिशत सकियो भन्दै जनतालाई ढाँटिएको थियो । पहिलो संविधनसभाको म्याद दुई वर्ष थियो । सर्वाभौमसत्ता सम्पन्न नेपाली जनताले दुई वर्षको समयसीमा दिएर संविधान निर्माण गर्न आ–आफ्ना प्रतिनिधिहरूलाई पठाएका भएपनि जनताको आदेशलाई उल्लंघन गर्दै संविधानसभाले पटक पटक समयसीमा थपेर सतप्रतिशत चार वर्ष पुऱ्याए पनि अन्त्यमा संविधान नै निर्माण नगरी संविधानसभाको हत्या गरियो । त्यसबेला संविधानको रक्षा गर्ने र पालना गराउने दायित्व पाएका राष्ट्रपतिले समेत संविधानको रक्षा गर्न सकेनन् । संविधानसभा विघटन स्वयं संविधानसभामा आफैंले प्रस्ताव लगेर आफैं विघटन गर्ने निर्णय गर्ने बाहेक अन्य अवस्थामा संविधनसभा विघटन हुन सक्ने संवैधानिक व्यवस्था नेपालको अन्तरिम संविधानले गरेको छैन । तर आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर तत्कालिन प्रधानमन्त्री एवं एमाओवादी नेता डा.बाबुराम भट्टराईले संविधानसभाको विघटन गरे । संविधानसभाको विघटनलाई राष्ट्रपतिले समेत सहर्ष स्वीकार गरे । संविधानसभा अध्यक्षले प्रधानमन्त्रीलाई संविधनसभाको विघटन गर्ने अधिकार नभएकाले आफूले संविधानसभाको बैठक बालाएँ भन्न सकेनन् । यी सबै कारणहरूले प्रष्ट हुन्छ, पहिलो संविधानसभामा विघटन हुनुमा तत्कालीन प्रधानमन्त्री भट्टराई, राष्ट्रपति र तत्कालिन सभाध्यक्ष सुवास नेम्वाङ नै देषी रहेका छन् ।

तत्कालिन संविधानसभाका अध्यक्ष सुवास नेम्वाङले संविधानसभाले ८० प्रतिशत काम गरिसक्यो, अब २० प्रतिशत मात्र काम गर्न बाँकी रहेकोहुँदा पहिलो पटक एक वर्षका लागि संविधानसभाको पदावधि थप्न दलहरूसँग आग्रह गरेनुसार पहिलो पटक एक वर्षको पदावधि थपियो, तर सभासदहरूले त्यो समयमा तलब भत्ता खानु बाहेक संविधान निर्माणका नाममा सिन्को समेत भाँच्न सकेनन् । त्यसैगरी ६/६ महिनाका लागि दुई पटक समय थपे पनि संविधान निर्माण हुन सकेन, आखिरी किन ? पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसक्नुका पछाडि के के अवरोधहरू रहेका थिए/छन्, भनेर अहिलेसम्म त्यस्ता समस्याहरू निराकरण गर्ने कार्य नगरिएको भन्दै सभाध्यक्षले नै २०७१ माघ ८ गतेभित्रमा संविधान निर्माण हुन्छ भनेर आशंका जनाइसकेको अवस्थामा जनताले २०७१ माघ ८ गतेभित्रमा संविधान निर्माण हुन्छ भनेर कसरी विश्वास गर्ने ? दलहरूले पटक पटक जनतालाई ढाँटिरहेका हुनाले जनताले दलहरूको कुरा नपत्याउनु स्वभाविकै हो । नेपालीमा एउटा उखान छ, अगुल्टाले हानेको कुकुर विजुली चम्कँदा तर्सन्छ, यो उखान अहिले नेपाली जनतासँग ठ्याक्कै मिलेको छ ।

संविधान निर्माणका लागि सबै पार्टीहरूको सहमति आवश्यक हुनुपर्ने भएपनि अहिले त्यस्तो अवस्था देखिएको छैन । हाम्रा राजनीतिक दल र तिनका नेताहरूमा एउटा कुरामा भने ठ्याक्कै सबैको स्वर मिल्ने गरेको छ । सभासदहरूको तलबभत्ता बढाउने र सभासदहरूले आ–आफ्नो तजबिजले खर्च गर्न पाउने गरी प्रत्येक निर्वाचन क्षेत्रका लागि ५/५ करोड रूपैयाँ चाहिने माग । सत्ताधारी दलदेखि संसदमा एक दुई सिट भएका दहलरू समेत ५ करोडको अडान राखेर आफूहरूले त्यो रकम नपाएको खण्डमा सरकारले ल्याउने बजेट नै पारित नगर्ने धम्की सरकारलाई दिइरहेका छन् । उक्त मागलाई प्रायः सबै दलले समर्थन गरेका हुनाले सरकारले बेजट पारित गराउने क्रममा ५ करोड रूपैयाँ प्रत्येक निर्वाचन क्षेत्रका लागि छुट्याउनु पर्ने र त्यो रकम सभासदहरूले चाहे अनुसार खर्च गर्न पाउनु पर्ने र प्रशासनिक खर्चका नाममा २५ प्रतिशत रकम विल भरपाई बिनै मिलान हुनुपर्ने मागले गर्दा सभासदहरूको गरिमा घटेको छ । ५ करोडमा २५ प्रतिशत प्रशासनिक खर्चका लागि छुट्याइएको खण्डमा एउटा सभासदको खल्तीमा प्रत्येक वर्ष एक करोड रूपैयाँ पर्ने र त्यही सभासदले निर्वाचन क्षेत्रमा राजनीतिक सिन्डिकेट खडा गरेर आफू बाचुन्जेल अन्य दलका नेता तथा कार्यकर्ताहरूलाई उक्त क्षेत्रमा प्रवेश नै गर्न नदिने कुटिल षड्यन्त्रका लागि ५ करोडको माग अघि सारिएको हुनाले कुनै एक व्यक्तिको खल्ती भर्न गरिब नेपाली जनताले तिरेको करको दुरूपोयोग गर्न सरकारले ५ करोडको माग अस्वीकार गर्नै पर्दछ । यसभन्दा अगाडि पनि सरकारले पत्येक सभासदलाई १० लाख दिएकोमा त्यो सबै रकमको दुरूपयोग भएको महालेखाको प्रतिवेदन र विभिन्न सञ्चार माध्यमले सार्वजनिक गरिसकेको अवस्थामा किमार्थ ५ करोड रूपैयाँ छुट्याइनु उचित हुँदैन । ५ करोडको समर्थनमा सत्ताधारी र विपक्षी दलहरू सबैको एकै स्वर हुनुले काले काले मिलेर खाउँ भाले भन्ने उखानलाई चरितार्थ गरेको छ ।

अहिले माहीले अपनाएको पद्दति भनेको प्रधानमन्त्रीय पद्दति हो । यो पद्दतिमा सबै कामको जिम्मेवारी प्रधानमन्त्रीमा नै जान्छ । मन्त्रीहरू भनेका त प्रधानमन्त्रीलाई सहयोग गर्नका लागि राखिएका सहायक मात्र हुन् । मन्त्रीहरूले गरेको राम्रा र नराम्रा कामको जिम्मेवारी प्रधानमन्त्रीकै हुन्छ । विश्वको यो परम्परालाई के हाम्रा प्रधानमन्त्रीहरूले पुरा गर्न सकेका छन् त ? यो बहसको विषय बनेको छ । संविधानसभामा समेत यो विषयले प्रवेश पाएको र शासकीय स्वरूपका बारेमा छलफल र बहस भइरहेको छ । ठूला भनिएका तीन दल कांग्रेस, एमाले र एमाओवादीले आ–आफ्ना तर्कहरू संविधानसभामा प्रस्तुत गरेका भएपनि त्यस विषयमा सहमति हुन सकेको छैन । कांग्रेसले संसद्बाटै चुनिएको कार्यकारी प्रधानमन्त्री र संसदबाटै चुनिएको संवैधानिक राष्ट्रपति हुनुपर्ने भनिरहेको छ भने एमालेले जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र संसदबाट निर्वाचन आलंकारिक राष्ट्रपति भनिरहेमा एमाओवादीलगायत अन्य केही कम्युनिष्ट दल र केही मधेशवादी दलहरूले प्रत्यक्ष रूपमा जनताबाट चुनिएको राष्ट्रपति र राष्ट्रपतिलाई सघाउन संसदबाट चुनिएको प्रधानमन्त्री हुनुपर्छ भन्ने तर्क अघि सारेका छन् । यसरी तीन ठूला दल तीन ध्रुवमा बाँडिएका र उनीहरूबीच सहमति हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको अवस्था र अहिलेको प्रधानमन्त्रीय पद्दतिलाई हेर्दा, कतै एमाओवादीकै तर्क ठीक हो कि भन्ने चर्चा समेत सुनिन थालेका छन् । यसरी छोटो समयमै प्रधानमन्त्रीय पद्दतिको विकल्प खोज्नु पर्ने अवस्थाको कारक तत्व भनेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको असफलताको धोतक हो । अहिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हात्तीको देखाउने दाँत जस्तो भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दिएको नीति निर्देशनहरू अन्य मन्त्रालय र मन्त्रीहरूले अनिवार्य स्वीकार गर्नुपर्नेमा त्यस्तो देखिएको छैन । मन्त्रीहरू आ–आफ्नो मन्त्रालयलाई हाम्रो मन्त्रालय भन्न छाडेर मेरो मन्त्रालय भन्न थालेका छन् । मेरो मन्त्रालयको काम कारबाहीमाथि कसैले अथवा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले हस्तक्षेप गर्न सक्दैन, उसले कुनै निर्देशन दिन सक्दैन भन्दै प्रधानमन्त्रीय पद्दतिकै खिल्ली उडान थालेका हुनाले प्रधानमन्त्रीय पद्दति कमजोर भएको सत्य सास्तविकतालाई प्रधानमन्त्री र प्रधानमन्त्री तथा मन्पिरिषद्को कार्यालयमा कार्यरत उच्च तहका व्यक्तिहरूले स्वीकर गरेर प्रधानमन्त्रीय पद्धितिलाई बलियो बनाउने प्रयास गरेको खण्डमा प्रधानमनन्त्रीय पद्धिती नै सबैभन्दा उत्तम विकल्प हुन्छ ।

पछिल्लो समयमा प्रंधानमत्री तथा मन्त्रिपरिषद्को कार्यालयले दिएको नीति, निर्देशनहरू पालना भएका छैनन् । कतिपय मन्त्रालयहरूले वा मन्त्रीहरूले संवैधानिक आयोग अख्तियार दुरूपयोग अनुसन्धान आयोगका दिर्नेशनहरूलाई समेत धोती लगाइदिएका छन् । संवैधानिक निकायको निर्देशन, आदेशको पालना गराउने दायित्व प्रधानमन्त्री तथा मन्पिरिषद् कार्यालयको हो । नेपालको अन्तरिम संविधानले नै अख्तियार दुरूपयेग अनुसन्धान आयोगले दिएको निर्देशन पलना सरकारले गर्नु पर्ने भन्ने उल्लेख भएपनि त्यसो हुन सकिरहेको छैन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय कमजोर भए त्यसले विकृति ल्याउँछ । सरकारका मुख्य सचिव मन्त्रिपरिषद्को बैठकमा समेत उपस्थित भएर मन्त्रिपरिषदले गरेका निर्णयहरूलाई प्रमाणित गर्ने कार्य गर्दै आएका अवस्थामा मुख्य सचिवले अन्य मन्त्रालयका सचिवहरूलाई किन आदेशहरू पालना गराउन सक्दैनन् । यदि त्यसो होइन भने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा किन मुख्य सचिव, अन्य तिन सविच, कानुन हेर्ने बेग्लै कानुन सचिव, धेरै कर्मचारहरूको दरबन्दीको औचित्य के ? मुख्य सचिव र त्यहाँ कार्यरत रहेका सचिवहरू कमजोर भएको खण्डमा अन्य मन्त्रालयहरूका सचिवहरूले सम्बन्धित मन्त्रीलाई खुशी पारेर, दोषबाट जोगिनका लागि मन्त्री आफैंले निर्णय गर्न सक्ने विषयहरूमा पनि मन्त्रपरिषदको बैठकमा लगेर त्यहीँबाट पारित गराउने प्रवृति बढेको हुनाले मुख्य सचिवले अविलम्ब त्यस्तो कार्य नरोक्ने हो भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको औचित्य रहँदैन ।

कुनै मन्त्रीले व्यक्तिगत रिसइवी लिएर कसैलाई दुःख दिएको रहेछ भने पीडितले न्याय पाउने आशामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा निवेदन दिएका हुन्छन्, महिनौंसम्म त्यस्ता निवेदन माथि सुनुवाइ नहुँदा पीडित व्यक्तिहरू अझ पीडित हुने र न्याप नपाउने अवस्थामा रहनु पर्ने अवस्था अहिले पनि विद्यमान रहेको हुनाले त्यसतर्फ मुख्य सचिव र प्रधानमन्त्री तथा मन्त्रिपिरषद्को कार्यालयको ध्यान पुग्नु जरूरी रहेको छ । अस्थाका आधारमा कसैलाई भेदभाव गरिनु प्राकृतिक न्यायको सिद्धान्त विरूद्धको कार्य होइन र ? तसर्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई कमजोर बनाएर प्रधानमन्त्रीय पद्धति नै असफल पद्दति हो भन्न कतै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उच्चतहका कर्मचारीहरूको संलग्नता त छैन ?

*devendrachudal@gmail.com*

# लोकतन्त्र : नैतिकहीन नेताहरूको मनलागीतन्त्र



राजन कार्की

रोहित, नारायणमान बिजुक्छेले हाँकेको नेमकिपा भक्तपुरमै सिमित भए पनि उसको अडान बिस्केटको लिङ्गोजस्तै अडिग छ । चित्रबहादुर केसी अर्थात राष्ट्रिय जनमोर्चा जतिसुकै कमजोर भए पनि संघीयताले देश टुक्र्याउँछ भन्ने उसको मुख टाल्न कसैले सकेको छैन । बाँकी राजनीतिक व्यक्ति र पार्टीहरूको नीति, निष्कर्ष र दृष्टि मौसमअनुसारको ट्यूनिकजस्ता लाग्छन् । समयानुसार परिवर्तन भइरहेका देखिन्छन् । उनीहरूको सिद्धान्त र क्रियाकलाप बिरोधाभाषपूर्ण देखिन्छन् ।

नेपाली कांग्रेस राज्यपुनर्संरचनामा स्पष्ट छैन । जातीय संघीयताको पक्षमा उभिएर बर्गसंघर्षलाई होइन, जाति संघर्ष चर्काउने पक्षमा एमाओवादी किन उभियो ? माओवादीले पाउको जिब्रो जतिसुकै फट्कारे पनि उसको हैसियत भनेको मंसिर ४ को निर्वाचनमा देखिएको पातलो जनमत र असार ८ को निर्वाचनमा उसले कैलाली ६ मा जमानतसमेत बचाउन नसकेको यथार्थ हो । प्रचण्डले परिणामबाट कुनै आश्चर्य भएन भने पनि यसपटक धाँधली भयो भन्ने हिम्मतसम्म गर्न सकेनन् । अर्थात् आमनागरिकलाई प्रचण्ड राजनीति गलासम्म आइसकेछ भन्न सकिन्छ । राजतन्त्र नरहे राष्ट्र पनि रहन्न भन्ने पूर्वपञ्चहरूले जे पाउनुपर्थ्यो, पाइसके । अव तिनले यति साख बचाउन सके भने ठूलो कुरा हो । दोस्रो ठूलो दल एमालेको आँगनमा माधव र ओली नामका दुई साँढे जुधिरहेका छन्, यो जुधाइले एमालेको पार्टीबल, जनसमर्थन बल, सहानुभूति बल धुजा धुजा हुने निश्चित छ । यसका लागि असार १९ ठूलो टार्नै नसकिने ठूलो खड्गो देखिन्छ । मधेसी पार्टीहरू त मधेसमाथि नै अपहरण र बलात्कार गरिरहेका छन्, मधेस आन्दोलनको आगो निभेर मधेस चिसो चुल्हो बनिसकेको छ ।

भन्नुको मतलव, राजनीतिक दलहरू चमत्कारिक रूपमा जति छिटो उठे, उति छिटो ख्यातिको भीरबाट तीब्र गतिमा गुल्टिए । कुनै पार्टी अथवा नेताको अवधारणाले देशवासी आकर्षित छैनन् । कुनै नेताले राजनेताका सम्मान आर्जन गर्न सकेनन् । प्रचण्ड सरकार गठन हुनासाथ जनताले विश्वास गरेका थिए- जनयुद्ध हाँक्ने नेताले देश हाँक्दा विकासको मूल फुट्छ, परिवर्तनको पहाडबाट दूधको फोहरा छुट्छ । भएन केही भएन । जसरी साउनका सुरू दिनमा प्रचण्ड प्रधानमन्त्री बने र त्यही दिन कोसीको बाँध फुटेर जनजीवन अस्तव्यस्त पार्‍यो, प्रचण्ड शासनकाल सेनालाई माओवादीकरण गर्छु भन्दा समाप्त हुनपुग्यो । त्यसपछि चुनाव हारेका एमालेका नेता माधवकुमार नेपाललाई प्रचण्डले लोकशासक बरण गरिदिए । जनमत नभएका प्रचण्डबलमा प्रधानमन्त्री बनेकाले कुनै लछारपाटो लाउने तातक नै थिएन, आमहड्तालसमेत गरेर माधव सरकारलाई प्रचण्डले ढाल्नुपर्‍यो । ठूलो पार्टी र किङपिन बनेका प्रचण्डले एमाले झलनाथ खनालको थाप्लामा हात राखिदिए । एमालेबृत्तले आरोप लगायो- टाउको एमाओवादीतिर, शरीर एमालेतिर गर्नुभन्दा झलनाथ एमाओवादी भए हुन्छ । यस्तो आरोप खपेर र खेपेर झलनाथले पनि कर्मकाण्डी सरकार चलाए, थाकेर छाडे । कस्तो न सरकार हाँक्छु भनेर एमाओवादीका डा.बाबुराम भट्टराई कुर्लिंदै र उर्लिंदै सिंहदरवारको बेलायती बैठक पुगे । १८ महिना १८ दिनको उनको शासनकाल आधा देशलाई उत्तर र आधा दक्षिणतिर मर्ज हुनसक्छ भन्ने बिबादमा बित्यो । बिप्पाले देशलाई खङ्ग्रङ्गै पार्‍यो । बाबुरामको उग्रवादको व्यवहारिक दक्षिणपन्थले झण्डै राष्ट्रिय अस्तित्व नै समाप्त भएको । प्रचण्डको शक्तिको अन्तिम परीक्षण थियो- खिलराज रेग्मी । कांग्रेसका सुशील कोइरालालाई अस्वीकार गरेर गरिएको यही प्रीरक्षण प्रचण्डका लागि आत्मघाती बन्यो । कांग्रेस पहिलो र एमाले दोस्रो ठूलो दल बन्न सफल भए । यी दुबैको मित्रमिलापमा सरकार निर्माण भयो । जीवनको उत्तरार्द्धमा प्रधानमन्त्री बनेका सुशील कोइराला सुस्त भयो, चुस्त भएन भन्ने टिप्पणी दुबै पार्टीभित्रबाट भइरहेको छ । लोकतन्त्रका कुनै सरकारले २ वर्ष शासन गर्न सकेको देखिन्न । सुशील कोइराला त सय दिनकै हाराहारीमा आलोचित हुनपुगे । जनयुद्ध, जनआन्दोलन र प्रजातन्त्रका महानायकहरू सबैको टेस्ट भयो र देश र जनताका लागि सबै खलनायक साबित भइसके । प्रत्येक नेता नाताबादमा झुकिरहेको छ, कृपावादमा भिजिरहेको छ, स्वार्थवादमा लिप्छ छ, भ्रष्टाचारवादको लम्पट भइरहेको छ । लोकतन्त्रको लस्कर तस्करतन्त्रमा रूपान्तरण भइरहेको छ ।

स्वच्छ राजनीति र सुशासनको डिङ हाँक्ने तर त्यसअनुसारको व्यवहारिकता देखाउन नसक्दा नागरिक समाजमा नैराश्यता बढ्दै गएको छ । लोकतन्त्रको संस्थागत शुद्धिकरण र सुदृढीकरण गफमा सिमित हुनपुगेको छ । यही अमिलो कारणले क्रान्तिका उपलब्धिहरू दही फाटेझैं फाट्दै गएका छन् । शान्तिसुरक्षालाई अराजकता र अस्थिरता, अपराधिकरण र माफियाकरणले अचेट्दै लगेका छन् । राजनीतिक नेताहरू एकदोस्राप्रति जुन तरिकाले आरोप प्रत्यारोप गर्दै असन्तुष्टिहरू व्यक्त गरिरहेका छन्, त्यसबाट शासनव्यवस्था, राज्यसञ्जाल, सामाजिक जीवन र सञ्चालनमा बिकृति र बिसंगतिहरू दिनदिनै बढेर जाँदा छन् । भनिन्छ, मूल अपवित्र भए पनि पानी पवित्र बग्न सक्दैन । राजनीतिक नेताहरूमा अनैतिकताको सरूवा रोग सल्केपछि त्यसको संक्रमण कर्मचारीतन्त्रमा सल्किनु स्वभाविक हो । निषेध, पूर्वाग्रह, बिभेद, पक्षपातको राजनीतिकरणयुक्त सरूवा रोगले यसपटक न्यायालयलाईसमेत दागी बनाएको छ । न्यायाधीशहरू पार्टीका बैठकहरूमा प्रष्टिकरण दिन, लविङ गर्न पुगेका दृश्यहरू पनि देखिए । लोकतन्त्रलाई मूल मन्त्र बनाएर जप्नेहरूमै देखिएको यस्तो दृश्यले नेतालाई नैतिकहीन र लोकतन्त्रलाई मजाक बनाइदिएको छ । लोकतन्त्रमा कुरा होइन, परिणामको अपेक्षा गरिन्छ । एउटा संविधान बनाउन ७ वर्षमा पनि असम्भव लाग्न थाल्नुले हाम्रो राजनीति कति कोरा र काँचोवायु बकेजस्तो रहेछ भन्ने बुझ्न सकिन्छ । यसका लागि ०६३ साल वैशाख १ बाट सुरू भएको परिवर्तनको पाइला ०७१ साल असारमा आइपुग्दा पनि सबै हाम्रा मान्छेले भनेजस्तो ठाउँ पाउने, एकजना पनि राम्रो मान्छेले एउटा पनि ठाउँ पाउन किन सकेनन् ? यो एउटै प्रश्नभित्र लोकतन्त्र र लोकतान्त्रिक नेताहरूको 'भागशान्ति जयनेपालबाद'को पाल खुल्दैन र ?

२०६१ साल वैशाख ११ गते जनआन्दोलनको बलमा सुरू भएको परिवर्तन देश निर्माणका लागि थियो कि देश बर्बाद पार्न ? १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनको शक्तिबाट उठेका नेताहरू तिनै शक्तिदाताको नाक काट्ने बाँदरभन्दा भिन्न भएनन् । देशको भाग्यबिधाताको जिम्मेवारी पाएका नेताहरू आफ्नै घरलाई लुट्ने डाँका बनिदिए । देश बनाउन, जनतालाई सुशासन दिन आएका नेताहरू आफू सुकिला बने, फोहर सफा गर्ने जिम्मेवारी पूरा गर्दै गरेनन् । जनविश्वासमाथिको यो जघन्य भ्रष्टाचार अहिले पनि जारी छ । राजनीतिमा नैतिक मूल्य सबैभन्दा बढी हुनुपर्छ । हाम्रा नेताहरूको चरित्र लज्जा पनि लज्जित हुने निम्न स्तरमा झरिसक्यो । नेताहरूको भ्रष्ट चरित्रकै कारण लोकतन्त्रको अर्थ र औचित्य आज प्रश्नचिन्हमा उभिन पुगेको छ ।

**राजनीतिक दलहरू चमत्कारिक रुपमा जति छिटो उठे, उति छिटो ख्यातिको भीरबाट तीब्र गतिमा गुल्टिए । कुनै पार्टी अथवा नेताको अवधारणाले देशवासी आकर्षित छैनन् । कुनै नेताले राजनेताका सम्मान आर्जन गर्न सकेनन् । प्रचण्ड सरकार गठन हुनासाथ जनताले विश्वास गरेका थिए- जनयुद्ध हााक्ने नेताले देश हााक्दा विकासको मूल फुट्छ, परिवर्तनको पहाडबाट दूधको फोहरा छुट्छ ।**

आज कुनै जनताका घरमा कुनै नेताको तस्वीर टाँगिएको भेटिन्न । गणतन्त्रलाई नेतातन्त्र बनँएका कारण कुनै नेताको जनप्रियता माथि उठेको छैन । त्यो कस्तो क्रान्तिकारी अवधारणा थियो जुन दुईथान चुनाव पनि खपेन । त्यो कस्तो समाजवाद थियो जसले समाजमा जरो गाडेकै छैन । साम, दाम, दण्ड, भेदका कारणले पाएको मतलाई अवधारणा र सोच, नीति र दर्शनले पाएको लोकप्रिय मत मान्न सकिन्न । त्यस्तै मत थियो पहिले माओवादीले पाएको र अहिले कांग्रेस-एमालेले पाएको मत । पार्टीको नीतिमा, घोषणापत्रमा र नेताको व्यवहारमा देशको तस्वीर देखिनुपर्छ, जनताको पीडा संवेधन गर्ने नैतिक सामर्थ्य हुनुपर्छ । चुनाव त ज्यानमाराले पनि जित्छ, दरिद्र विवेक बोकेर हिड्नेहरूले लोकतन्त्रको बिडा जुरूक्कै उठाउन सक्दैनन् । समस्या समाधान गर्न तत्पर नहुने, संक्रमण व्यवस्थित गर्न सहमति गर्न नसक्ने र एकथान संविधान लेख्न बाझाबाझ गर्नेहरूबाट देशले काँचुली फेर्न मुस्किलै छ ।

हिन्दूराष्ट्रलाई धर्मनिरपेक्ष घोषणा गर्न र राजतन्त्रलाई हटाउने एउटा अन्तर्राष्ट्रिय डिजाइन थियो, त्यो सम्पन्न भयो । नेपाललाई प्रगतिशील र समानतामा आधारित लोकराज्य बनाउने खाकासहितको इच्छाशक्ति राष्ट्रका नेताहरूमा थिएन, त्यो सम्भव भएन । चुरो कुरो यत्ति हो । बर्गसंघर्ष गर्नेले जातीय संघर्षको खिचलो निकाले, आखिर त्यही खिचलो राष्ट्रिय एकता ध्वस्त पार्ने छर्रा हुनपुग्यो । नेताको नियतै खराव थियो, देशको स्वास्थ्यनिर्माण गर्न अघि सरेकाहरूले आफ्नै स्वार्थमात्र देख्न थालेपछि बिखण्डन अवश्यम्भावी थियो । आज भेग, भाषा, भेष, जाति, वर्ण सबैतिर मानसिक बिखण्डन छ । एकतामा अनेकता सिर्जना गर्नेहरू राष्ट्रका अपराधी हुन् । यिनलाई जनताले नै दण्ड दिनुपर्छ । कुनै दिन दिनेछन् भन्ने विश्वास गरौं । किनभने हिन्दूराष्ट्र र राजतन्त्र हटाइदिएपछि नेपाल स्वतः गणतान्त्रिक बन्छ र हामी सशक्त गणनेता बन्छौं भन्ने कल्पनामा डुबेकाहरूले विदेशीको चाहना त पूरा गरे, विदेशीले छाडिदिएपछि पोखिएको पानीजस्तो हुनपुगे । जनमतका आधारमा परिवर्तन गर्न नसकेकाले राजनीति बाइफाला हुनपुगेको हो । सम्पन्न राष्ट्रहरू इतिहासमा गर्व गर्छन, इतिहासको जगेर्ना गर्छन् । हाम्रा नेताहरूले इतिहासलाई बिस्तारवादमा जोडे, इतिहासका धरोहरहरू तोडे, संस्कारमाथि अतिक्रमण गरे, अव अगाडि बढ्न नसक्ने र पछाडि कसरी फर्कने भन्ने संकटमा परेका छन् नेताहरू ? उपलब्धि पाएर पनि उपलब्धिहीन बन्न पुगेका छन् हाम्रा राजनीतिक शक्तिहरू । आमनागरिकमा एउटै चिन्ता देखिन्छ आज- दलहरूले गरिखान दिएनन्, स्वाधीनता पनि सिध्याइदिने भए । यसको निष्कर्ष एउटै हो- नेताहरूमाथि जनताको पटक्कै भर विश्वास छैन ।

# न्यायको पर्खाइमा बित्यो २९ वर्ष

*गंगा खड्का, गुल्मी*

कुमारी अर्याल भन्छिन् यती लामो समय २९ बर्षपछि मैले न्याय पाउँछु भन्ने जस्तै लागेको थिएन । तर बहिनी गँगाको सहयोग बाट न्याय पाएरै छोडे ।यो भनाइ हो गुल्मी जिल्ला घमिर गा बि स वर्डा नँ ९ बस्ने कुमारी अर्यालको ।उनी सानै उमेरमा बिहे गरी घरबारे बनिन् तर उन्लाइ थाहा थिएन कि लोग्ने बाटै धोका पाउछु भनेर ।

एक सोझी महिला जसले बिहे गर्दा यो सोच्ने कुरै थिएन । बिहेपछी बिहेको सँसार बिजुली जस्तै झलमल्ल हुनेछ ,परिवार बन्नेछ ,खुसीयाली छाउनेछ । मनमा यस्तै सपना डोली चढ्दा लागेको थियो उनलाई । सपना केबल सपना मात्रै भयो उनको लागी । पेटमा उसैको नासो बोकेर दिन गुजार्दै थिइन् कुमारी तर रोजगारीको शिलशिलामा भारत गएका श्रीमान् ले उतै दोश्रो बिहे गरी घरवार जमाएपछी उनको जिन्दगी केवल एक्लिनु बाहेक अरू केही थिएन । एकछाक खानाकै लागी र बाँच्नकै लागी उन्ले अरूको मेलापात चहार्नै पर्थ्यो । दुनियाले छोरो जन्माउदा हर्ष उल्लासमय हुने उनको समाजमा कुमारी ले छोरो जन्माउदा नत कुनै गणना भयो न की परिवार खुसी थियो । खुसी त उनि मात्रै थिइन् । निकै कष्टपुर्ण सत्केरी अवस्था बाट अली अली हिड्न सक्ने भएपछी फेरी मेलापात धाउनै परिहाल्थ्यो । यसैगरी उन्ले छोरालाइ २० बर्षको बनाइन । दुःख का दिन गए जस्तै लाग्न थाल्यो उन्लाइ । छोराले केही पैसा आम्दानी गर्न थालेपछी कुमारी अर्याल न्यायको ढोका ढकढकाउन सदरमुकाम सम्म आइपुगिन् ।सदरमुकाम तमघासमा बसेर न्यायिक ढोकासम्म पुर्‍याउने खबर थाहा पाएर मेरो निवास सम्म आइपुगेकी कुमारी बोल्नलाई स भँम्म गाह्रो मानेकी थिइन् । सबै नालीबेली भन्दै गर्दा उन्को पिडा म माथी नै बर्षिन्थ्यो घरी घरी तर सरल स्वभाबमा सुनिरहे । आफुले ओडेको रातो पछ्यैराको टुप्पोले आशु पुछ्दै भन्छिन्, बहिनी ब्या गरेर यस्तो हुन्छ भन्ने थाहा भएको भए ज्यान गए गर्ने थिइन । के गर्नुपर्छ कसरी मैले न्याय पाउन सक्छु तिमिले नै जान्नुपर्छ ।

२०६९ साल बैशाख ११ गते उनको उजुरी जिल्ला पहरी कार्यालय गुल्मीमा दर्ता गर्‍यौ ।सोही दिननै तत्कालिन प्रहरी निरिक्षक रबिन बिष्टले मातहतको प्रहरी चौकीलाइ फोन गरी तुरून्त पिडकलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय तमघासमा उपस्थित गराउन आदेश दिए । भोलीपल्ट कुमारी अर्याल महिला अधिकारकर्मी चन्दा घिमिरे सँगै म पनि जिल्ला प्रहरी कार्यालय पुगे ।कुमारी का पति को समर्थनमा बिभिन्न राजनितिक दलका ब्यक्तिको बाक्लै भिड थियो । र भन्ने गर्थे, गंगाजी १५ हजारमा यो मुद्दा मिलाउनु पर्छ । तर पिडितको माग भने पेन्सन भएको पति पेन्सन १ भाग पाउनुपर्छ ,नियमअनुसार हेरचाह र सम्पती को दाबी गरेकी कुमारीले अरू कुनै शर्तमा मान्नेवाला नै थिइनन् । छलफल र बहस धेरै भयो महिलाको मुद्दामा यो वा त्यो नभनी न्यायको पक्षमा लाग्नु पर्नेमा राजनितिक दलका केही व्यक्तिले पिडकलाइ सँरक्षण गरिरहेका थिए ।अन्यायमा परेको मानिस जो सुकैले पनि न्याय पाउनुपर्छ हाम्रो एउटै माग थियो ।

प्रक्रिया नमिलेर पेन्सन रोकिएको प्रक्रिया पुर्‍याएर कुमारीलाई पेन्सन् दिने सहमती भएपछी कुमारी घर फर्किन् । तर सहमतिको छ महिना पछीसम्म पनि कुनै अत्तोपत्तो नभएपछी फेरी म कहाँ आइपुगिन् कुमारी ।प्रहरी कार्यालय पुग्यौ र पक्राउको माग गर्‍यौ । जिल्ला प्रहरी कार्यालयका निरिक्षक राजेन्द्रप्रसाद श्रेष्ठ र निशान्त श्रीवास्तबले फेरी मातहतको प्रहरी चौकीलाइ पक्राउको आदेश दिए ।भोली नै पक्राउ हुन्छ ।त्यसरी नै प्रक्रिया हुदैछ भनेर तर्किन्छ पिडक ।अर्को छ महिनाको सहमती हुन्छ । कुमारी त्यतिबेला सम्म पाठेघरको रोगले ग्रसित भई अप्रेशन गरी आएकोले तत्काल घर फर्किन सक्ने अवस्थामा थिइनन् । म सँगै राखेर उन्लाइ हेरचाह गरी १५ दिन पछी घर पठाइदिए ।२०७१ साल बैशाखमा फेरी कुमारी तमघास आइपुगिन् र पहिले जस्तै पक्राउको माँग गरेपछी पेन्सनको पत्रियानै प्रहरीको तारेखमा राखेर शुरू गरियो ।

भारतबाट बुझ्दै आएको पेन्सन् गुल्मी तमघासको सोल्जरबोटमा सारेपछी त्यही बाट बुझी कुमारीलाई एक भाग दिने सहमति भयो ।अन्तत कुमारीले २९ बर्षपछी मात्रै पतिको कमाइ हात पार्दै खुसीको आँशु बर्षिएको थियो आँखामा । उनले जिल्ला प्रहरी कार्यालय गुल्मीलाई धन्यवाद दिन पछी परिनन् ।उन्को उजुरी प्रती प्रहरीले निभाएको भुमिका र सक्रियता प्रशंसनिय छ । यसरी एउटा महिलाको मुद्दालाइ नियमित पिछा नगरेको भए पिडक तर्किनलाइ अनेक बहना र जाल बुनिरहेको थियो । त्यसैले पिडकलाइ कुनै पनि शक्ति र आडको भरमा संरक्षण गरिनु हुन्न । एकदिन कानुनको कठघरामा आउनैपर्छ ।

# India under Narendra Modi

*Asif*

WHILE Chief Minister Narendra Modi was busy persecuting the Indian Muslims and preaching Hindutva passionately and at the same time improving the economics of Gujarat during his three stints in power from 2001 to early 2014. With his heavy mandate coupled with the RSS and other Hindu extremist groups behind him, his extraordinary closeness with Indian military and the international clout India enjoys, he is in a position to quash internal dissent, take Hindutva to its logical end, make India an unchallenged hegemonic power of South Asia as well as Afghanistan.

Modi has already indicated his preferences with regards to India's relations with Pakistan. Meeting between Modi and Nawaz was held on 27th May 2014 in New Delhi on the occasion of former's oath taking ceremony in a friendly atmosphere but wolfish Modi adorned in sheep's skin set the ball rolling by coming out with old complaints which was in bad taste and highly disagreeable. He ignored that it was a ceremonial occasion and seemed least impressed with fawning and appeasing demeanor of his guest and release of 150 Indian fishermen prisoners as a goodwill gesture. Setting aside the contours of etiquettes which the occasion demanded, he put Nawaz on the defensive by blurting out same old demands related to terrorism. He dug out the five and half year old Mumbai issue. For him, terrorism in Indian occupied Kashmir and in India were important and all other disputes inconsequential. He squarely put the blame of terrorism at the doorsteps of Pakistan. He cunningly advised Nawaz that his dream of friendship with India can come true only if Pakistan desists from the practice of cross border terrorism into India and as a starter he should speed up the trial and punishment of Mumbai culprits. His complaints cum demands were akin to American hateful 'do more' mantra. Nawaz patiently listened to the complaints, and considered it prudent not to spoil the mood of his host by countering his grumbling by putting forward Pakistan's genuine complaints.

Modi was however quite satisfied to see his guest listening to his sermon intently and not even whimpering in protest. He must have been surprised to see Nawaz tongue-tied in the backdrop of Pakistan possessing bagful of evidence of India's proxy war in Pakistan and Indian officials' disclosures that all the acts of terror in India from 2001 to 2008 were not carried out by Pakistan as had been alleged but by Hindu terror groups aided by Indian military intelligence. Modi and not Nawaz should have been on the defensive. Yusaf Raza Gilani at his meeting with Manmohan at Sharm-el Sheikh by showing him evidence of RAW's involvement in Balochistan and putting him in an awkward position. Nawaz probably thought that Modi's behaviour will be similar to Vajpayee when he visited Lahore in February 1999, not realizing that chemistry and background of the two is quite different.

Nawaz was not required to indulge in a shouting match, but he should have conveyed Pakistan's concerns subtly using diplomatic language. Probably his passion to open up two-way trade relations with India at all costs made him over cautious. He remained in the same appeasement mode when he addressed the press conference and didn't deem it proper to make a mention of Kashmir, or to meet the Kashmiri Hurriyat leaders. He might have pleased his host and the Indians but he displeased Pakistanis and the Kashmiris for failing to remind Modi that Pakistan is the worst victim of terrorism and the biggest source of terrorism in Pakistan is RAW whose footprints can be seen in all the trouble spots, particularly in FATA, Balochistan and Karachi. He should have told Modi that while law courts in Pakistan had made progress with regard to Mumbai suspects, no headway had been made on the culprits involved in Samjhota Express train in 2007 in which 50 Pakistanis were burnt to death. He should have reminded Modi that Kashmir and not terrorism is the main bone of contention, and that terrorism is the by-product of unresolved Kashmir issue. Emboldened by Nawaz's docility, Indian external affairs Secretary's sordidly stated that India's position on Kashmir is clear and needed no further elaboration.

Modi will play ball with Nawaz if he behaves docilely - puts Kashmir case in a cold freezer, agrees to convert LoC into permanent border, agrees to two-way trade with India without insisting on trade balance/removing business inequities, open up Wagah border for transportation of Indian goods to Afghanistan and Central Asia, stops raising objections on Indian presence in Afghanistan and to the construction of dams in occupied Kashmir. In case Pakistan decides to move forward the composite dialogue based on equality, insists upon resolution of core disputes, and strives to safeguard national interests and to uphold its dignity and honour, it will be seen by India as a confrontational approach impinging upon India's future grandiose plans. Defiant Pakistan has never been to the liking of Indian leaders whether belonging to Congress or BJP. Nationalist Modi in particular will be most displeased and will hasten to exploit the vulnerabilities of Pakistan and force it to dance to his tunes. He will derive pleasure in applying a mix of coercive diplomacy/propaganda war through media/Indian embassies abroad, economic intimidation through water terrorism, and military coercion through covert operations/heating up of LoC.

Growing nexus between India, Afghanistan and Iran when seen in the backdrop of existing Indo-US-Israeli nexus should review Pakistan's policy makers, particularly when Pakistan's relations with India, Afghanistan and USA are tense-ridden and with Iran not-so-friendly. Ongoing insurgencies in FATA and Balochistan and unrest in Karachi. In order to get out of the externally/internally woven stranglehold and make Pakistan a self-reliant State, all stakeholders will have to shun their petty differences and selfish interests, get united to provide full support to Army's Zarb-e-Azb in North Waziristan directed against anti-Pakistan foreign/local militants assisted by foreign powers Internally strong and united Pakistan will keep India under Modi deterred.




# प्राथमिकतामा छैन विकासको मुद्दा

*उपेन्द्र झा*

लगातार ६ दशकदेखि जहाँ राज्यसत्ता प्राप्तिका लागि विभिन्न वर्गहरु विभिन्न दर्शनको आडमा राजनीतिक परिवर्तनको ध्येय लिएर संघर्ष गर्दै आए उहीं नेपाली जनता आफ्नो हक स्थापना गर्ने अनेक लडाई लडे पनि ६० वर्षसम्म जनअधिकार स्थापना गर्न सकेन । राजतन्त्रको अन्त र प्रजातन्त्रको पुनर्बहाली पछि पनि नेपाली जनताले गर्दै आएको संघर्ष सार्थक हुन सकेन । कथित जनमुखी प्रजातान्त्रिक सरकार नेपाली जनताप्रति कति उत्तरदायी थियो कि आफनै गर्भबाट माओवादी आन्दोलन र भीषण मधेश विद्रोहले जन्म लियो । किन नेपालको लोकतन्त्र जनमुखी भएर सार्थक परिणाम दिन सकि रहेको छैन । प्रजातन्त्र अथवा लोकतन्त्र नेपालको सन्दर्भमा किन असफल भइरहेको छ, यसबारे प्रजातान्त्रिक शक्तिले कहिले पनिचासो राखेन । सामन्तवर्गका चुसाहा प्रवृतिका कारण देशमा न कलकारखानाको स्थापना हुन सक्यो न देशमा विकास निर्माणका कामहरु भए । देशको अधोगतिको जिम्मोवार सामन्ती शासकहरूलाई देखाएर देशको सर्वाङ्गीण विकास लोकतान्त्रिक शासन प्रणालीमा मात्र सम्भव छ भनेर देशको राजनीतिलाई प्रजातान्त्रिक आन्दोलनको जग बसाउनमा केन्द्रीत गऱ्यो । जनअधिकार पाउने आशमा जनताहरु पनि प्रजातान्त्रिक आन्दोलनलाई सघाएर निर्णायक बनायो । ०४६ साल पछि प्रजातन्त्र पुनर्स्थापनापश्चातका दिनमा प्रजातान्त्रिक सरकारको अराजक अवस्थाले जनताको प्रजातन्त्र प्रति वितृष्णा पैदा हुनथाल्यो । जनअधिकार स्थापनाको कुरामा प्रजातान्त्रिक सरकारको उदासीनता बढ्दै जाँदा अधिकारवादी आन्दोलनको दिशा स्पष्ट हुन थाल्यो । "प्रजातन्त्रको विकल्प प्रजातन्त्रबाहेक अरु केही हुन सक्दैन "भन्ने मन्त्र उच्चारण गर्दै तथाकथित प्रजातन्त्रवादीहरु देशले पुनश्चः गरि रहेको आन्दोलनको तयारी प्रति पनि गम्भीर देखिएन । फलतः नेपाली जनताले परम्परागत राज्यसत्ताको स्वरूपलाई नै बदल्ने गरि भीषण आन्दोलन सतहमा ल्याए । खासगरि विभेदको पीडा भोगि रहेका मधेशी जनताले स्वायत्त मधेश प्रदेश बनाउने निर्णायक आन्दोलन ल्याएर सरकारलाई घुँडा टेकायो ।

अहिले लोकतान्त्रिक सरकार देशको सबै समस्या हल गर्ने जिम्मेवारी पाएको छ । जनअधिकार सुनिश्चित गर्ने प्रतिबद्ध छ । आगामी ०७१ माघ ८ गतेसम्म जन अपेक्षित संविधान बनाएर दिने राजनीतिक भविष्य वक्ताहरूको घोषणा भएको छ । विगत ७ वर्षमा नयाँ नेपाल निर्माण गर्ने राजनीतिक दलहरूको मिथ्या वाचाहरूले जनतामा घोर अविश्वास व्याप्त छ । चुनावमा एक पंचवर्षीय योजनामा देशको काया पलट गर्ने, देशको आर्थिक बृद्धिदर ३.५ प्रतिशतबाट ७प्रतिशतमा पुऱ्याउने,प्रतिव्यक्तिआय ४० हजारमा पुऱ्याउने राजनीतिकदलहरुको प्रतिबद्धताजनतालाई भुक्याएर मतलिनेबाहेक अरु केहीहोइनभन्ने जनताको विश्लेषण छ । पहिलो संविधान सभामादलहरुको जनाधिकारप्रतिको साजिशपूर्ण उदासीनताले यो संविधान सभा सार्थक हुनेमाजनताको विश्वास छैन । निरंकूशशासकहोस् वाउदारवादीशासक, सबैको चुसाहाप्रवृति राज्यको नियतिबनि सकेको छ । देशको बिग्रदो स्थितिले पनियिनीहरुलाई दायित्ववोध गराउन सकि रहेको छैन । एजेण्डाविहीनयी राजनीतिकदलहरु व्यक्तिगतलाभकालागिमात्र सत्तामाजान चाहन्छ । अमानवीय ढंगले जनतासंग कर उठाउने, वैदेशिक सहयोगबाट ठूलो धनराशिआकर्षित गरेर संस्थागत रूपले भ्रष्टाचार गर्ने सबैको एकमात्रएजेण्डा रहेकोले यिनीलाई जनताले विश्वास गर्न छाडि सके । यो संविधान सभाजनताको समस्यालाई समाधानगर्न सक्दैन भन्ने शंकाजनतामाव्याप्त रहेकोले जनताले यसलाई उत्साहपूर्ण ढंगले हेरेको छैन ।

अपार धनराशि परिचालन गर्ने नेपाली राज्यसत्ता सबैको आकर्षणको केन्द्र बनेको छ । राज्यसत्तालाई परिवर्तन गरि जनमुखी बनाउने पराक्रमी राजनीतिक दलहरु पनि राज्यसत्ताको दलदलमा फँसेर जन विश्वास गुमाई सकेको छ । २४४ वर्षदेखि भेदभावको पीडा भोगि रहेको मधेशले पनि सो विरूद्ध उठाएको आन्दोलन र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनागर्न पठाईएका मधेशका धुरन्धर नेताहरु पनि राज्यसत्ताको अभ्यासमा आफनो अस्तित्वगुमाई सकेका छन् । राज्यसत्ताको महमा लटपटिएर बाटो बिराएका राजनीतिक दलहरूका कारण जनअधिकारका कुरा पछाडि पर्न गएको हो ।

आर्थिक समृद्धि, विकास, समानता र सामाजिक लोकतन्त्रका कुरा गर्नेहरूले भ्रष्टाचारको मात्रविकास गराउन सकेको हो । देशमा दिनानुदिन परनिर्भरता बढ्दै गई रहेको कुरा लुकाउन धेरै कठीन भई सकेको छ । जति मात्रामा वैदेशिक सहयोगको नाममा अकूत धनराशिभित्रि रहेको छ, त्यतिनै मात्रामा नेपालमा गरिबी र परनिर्भरता बढि रहेको छ । आयस्रोतबाट सम्पन्न मधेशको जिल्लामा व्याप्त गरिबीको यो तथ्याँकले स्पष्ट बयान गरेको छ ।

२०५८ सालको तुलनामा २०६८ सालको तथ्याँकमा मधेशका अरु जिल्लाहरु सामान्य रहे पनि सप्तरी जिल्लामा सभन्दा बढी गरिबी स्तर ११.५ ले बढेर २८५ बाट ३९.५५पुगेको छ । त्यस्तै दोश्रोमा पर्सा जिल्लामा ५.७५ ले बढेर २३.५५ बाट २९.२५मा पुगेको, तेश्रोमा सिरहा जिल्ला ५.६५ ले बृद्धि भएर २९५ बाट ३४.६, चौथो रौतहट जिल्लामा गरिबी ३.२५ ले बृद्धि भएर ३०.२५ बाट ३३.४५, पाँचौ बारा जिल्लाको गरिबी प्रतिशत ३५ ले बृद्धि भएर २६.९५ बाट २९.९५ मापुगेको छ । मधेशको आयस्रोतले मधेशसंगै देशलाई समृद्ध बनाउनु पर्नेमा मधेशको आर्थिक स्तर जर्जर रहेको यो तथ्याँकले स्पष्ट पार्दछ । राजनीतिकर्मीको भ्रष्ट आचरण र व्यक्तिगत लाभ लिने मानसिकताका कारण मधेश मात्र होइन, देश नै डुब्ने स्थितिमा पुगेको छ । देशको उत्पादन क्षमता लगभग ठप्प नै भएकोले आयातको बृद्धिस्तरले देखाउँदछ ।

आर्थिक वर्ष ०७०/०७१ मा ५० लाख मैट्रिक टन धान उत्पादन भएको कृषि विकास मन्त्रालयको तथ्याँक छ । नेपाल राष्ट्र बैंकले पहिलो तीनमहिनाको रेकर्ड सार्वजनिक गर्दा मासिक २ अर्बको दरले खाद्यान्न आयातभएको देखाएको छ । आफनो उत्पादनले आयातको यो दर अहिले देखाएपनि पछि यो दर बढ्न सक्ने सम्भावना पनि देखाएको छ ।

चालू आर्थिक वर्षको ८ महिनामा ११ अर्ब १ करोडको चामल आयात भएको छ । गतआर्थिक वर्षको ८ महिनामा १३अर्ब७७ करोड ८६ लाखको खाद्यान्न आयात भएको थियो । त्यस्तै चालू आ.व.को ८ महिनामा मकै ४ अर्ब १९ करोड, गहुँलगभग १ करोडको आयातभएको छ । खाद्यान्नमा मात्रै दैनिक ८ करोड ७लाख रूपैयाँ व्यापार घाटा छ । दिनानुदिन बढ्दै गई रहेको आयातको दरले उत्पादन क्षमताको ह्रास र परनिर्भरताको डरलाग्दो अवस्थालाई दर्शाई रहेको छ । राजनीतिक दलहरु व्यक्तिगत स्वार्थका कारण यथास्थितिको घेराभन्दा बाहिर निस्कन सकेको छैन । कृषिको यो भयावह अवस्थाबारे सरोकारवाला निकायपनि कृषिमा सरकारको आवश्यक दृष्टिकोण बन्न नसकेको औंल्याउँछ ।

नेपालको गरिबीलाई लक्षितगरि हरेक क्षेत्रमा वैदेशिक सहायता पनि क्रमिक रूपमा बृद्धि हुँदै गएको छ । सरकारी स्तरबाट मात्रहोइन, गैर सरकारी क्षेत्रमापनिउत्तिकै मात्रामा वैदेशिक सहायता प्राप्त हुने गर्दछ । अर्थात् सरकारी खर्चको ठूलो हिस्सा वैदेशिक सहयोगको भरमाचल्ने परम्परा बसेको छ । १० बैशाख २०७० को नयाँ पत्रिकाको अंकमा "३३ अर्ब वैदेशिक सहायतामा सरकार बेखबर" भन्ने शीर्षकको लेख अनुसार नेपालले गतवर्ष पाएको (९६ करोड डलर) ९६ अर्ब १२ करोड रूपैयाँको ३६ प्रतिशत ( ३४ करोड ५२ लाख ६० हजार डलर) ३३ अर्ब ४९ करोड रूपैयाँबारे सरकार बेखवर रहेको छ । बजेट प्रणालीबाहिरबाट परिचालित वैदेशिक सहयोग रकम कसरी र कतिखर्च भयो सरकारलाई यसको जानकारी छैन । सरकारले १ वर्षमा ५०८ परियोजनाकालागि ९६ करोड अमेरिकी डलर बैदेशिक सहायताप्राप्त गरेको थियो । त्यस मध्ये ६१५अनुदान, २१५ प्राविधिक सहयोग र १८५ ऋणबाट रकम प्राप्त भएको थियो । अर्थ मन्त्रालयकाअनुसार दाताहरूले ५९५ जिल्लागत साना परियोजनाहरूलाई तथा ४१५ राष्ट्रिय तहका ठूला आयोजनाहरूलाई सहयोग गरेका छन् ।

स्थानीय विकास मन्त्रालयअन्तर्गत ८१, स्वास्थ्य मन्त्रालयअन्तर्गत ७७, महिलाबालबालिका तथा समाज कल्याण मन्त्रालयअन्तर्गत ४७, कृषिमन्त्रालयअन्तर्गत ३६ र शिक्षामन्त्रालयअन्तर्गत ३२ बटा परियोजना संचालित छन् । मध्यमाञ्चल विकास क्षेत्रमा २८५, मध्यपश्चिमाञ्चलमा २०५, पूर्वाञ्चलमा २०५, पश्चिमाञ्चलमा १८५ र सुदूरपश्चिममा १४५ वैदेशिक सहायता परिचालन भएको छ । पूर्वाधार विकासमा २८५, सामाजिक क्षेत्रमा ३९५ र आर्थिक विकासमा २१५दाताको सहयोग रहेको अर्थ मन्त्रालयले जनाएको छ ।

सरकारको विभिन्न परियोजनामा सरकार र वैदेशिक सहयोगको उच्चतम दरको लगानी रहेको र विकासको सूई उल्टो दिशामा घुमि रहेकोले नतीजा भने शून्यमा नै रहेको छ । विकास कार्यक्रममा लगानीको मात्रा तथा शुन्य प्रतिफलले राजनीतिकर्मी तथा सरकारी संयन्त्रको भ्रष्ट आचरण नै जिम्मेवार रहेको देखाउँछ । **(मधेश दर्पण फिचर सेवा)**

## एपीएफद्धारा चाँदीको गहना बरामद

बाँके । सशस्त्र प्रहरी बल राजस्व एवं भन्सार गस्ती सुरक्षा गुल्म जमुनाह बाँकेको एपीएफ टोलीले बुधबार दुई केजी आठसय सोह्र ग्राम चाँदीको विभिन्न खालका गहना बरामद गरेको छ । सशस्त्र प्रहरी निरीक्षक उमेश थापाको कमाण्डमा खटिएको एपीएफ टोलीले बाँकेको पिप्रहवा–१ जमुनाहमा उक्त चाँदी बरामद गरेको छ ।

त्यस ठाउँमा भारतबाट नेपालतर्फ आउदै गरेको ना.२ ख ७४१२ नम्बरको यात्रुवाहक बसमा एपीएफ टोलीले जाँच गर्ने क्रममा वेवारीसे अवस्थामा उल्लेखित चाँदीको गहना फेला पारेको हो । बरामद चाँदी बुधबार नै भन्सार कार्यालय नेपालगंजमा बुझाइएको छ । उल्लेखित चाँदीको मुल्य करीव एक लाख ९२ हजार रूपैयाँ रहेको छ ।

त्यसैगरी सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट लौकही सुनसरीबाट खटिएको एपीएफ टोलीले लुटपाटमा संलग्न तीन जनालाई असार १७ गते पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुनसरी जिल्ला लौकही गाविस ६ वस्ने रूपनारायण मण्डल, हेमकुमार मण्डल र पिन्तुकुमार मण्डल रहेका छन् । निजहरूले स्थानीय लौकही बजारबाट सोही दिन दिउँसो एक महिलाको सुनको गहना र मोवाइल सेट लुटेर भागी फरार भएकोमा लुटपाटमा संलग्न तीनै जनालाई एपीएफ टोलीले तत्कालै पक्राउ गरेको थियो । उनीहरूलाई आवश्यक कारवाहीको लागि एपीएफ टोलीले स्थानीय प्रहरीलाई बुझाएको छ ।

## अदुवा बिक्री केन्द्र खुल्यो

काभ्रे । जिल्लामा अदुवाखेती गर्दै आएका किसानलाई लक्षित गरी व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) र साना किसान सहकारी संस्थाको संयुक्त प्रयासमा पाँचखालस्थित अनेकोटमा अदुवा उत्पादन प्रशोधन तथा बिक्री वितरण केन्द्र स्थापना गरिएको छ । केन्द्र स्थापनासँगै किसानले व्यावसायिक रूपमा अदुवाखेती गरी लाभ लिन सक्नेछन् ।

प्रशोधन केन्द्रको नेपाल सरकारका मुख्यसचिव लीलामणि पौडेलले उद्घाटन गरेका थिए । कार्यक्रममा मुख्यसचिव पौडेलले प्रशोधन केन्द्रबाट कृषकले लाभ लिन सक्ने बताए । व्यापार आयोजनाका निर्देशक योगेन्द्रकुमार कार्कीले कृषिमा व्यवसायीकरण भए ग्रामीण अर्थतन्त्रको विकासमा सघाउ पुग्ने दाबी गरे । साना किसान सहकारीको १५ लाख १२ हजार ८ सय ३२ र कृषि तथा व्यापार आयोजनाको ७ लाख ४० हजार ९ सय २१ लगानीमा चारकोठे एकतले भवनसमेत निर्माण गरिएको छ । वार्षिक २ लाख ८० हजार किलोग्राम अदुवा उत्पादन लक्ष्य लिएको केन्द्रबाट अदुवा प्रशोधन र बजारीकरणमा सहयोग पुग्ने संस्थाका पूर्वअध्यक्ष कृषक वासुदेव कोइरालाले बताए ।


## फोहोरमैला व्यवस्थापन

फोहोर मैला भन्नाले विभिन्न श्रोतबाट निष्काशन गरिएको ठोस, तरल, ग्यास लेदो, धुवाँ, विकिरण युक्त तत्व वा पदार्थ भन्ने बुझिन्छ । यस्ता पदार्थको उचित व्यवस्थापन नहुँदा वातावरण प्रदुषित हुन्छ र मानिसहरू विभिन्न रोगहरूबाट ग्रसित हुने तथा स्वास्थ्यमा प्रतिकुल असर पार्दछ । त्यसैले यस्ता पदार्थको निम्न तरिकाहरू अबलम्बन गरेर उचित विसर्जन गर्ने गरौं ।

- चर्पीको प्रयोग गरेर मुलमुत्रको विसर्जन गर्ने ।
- थुक, खकार, सिंगान उचित र सुरक्षित तरिकाले विसर्जन गर्ने ।
- फोहोर मैला कसिंगर र कागजका टुक्राहरू निश्चित ठाउँमा मात्र फाल्ने ।
- पानीको मुहान वरपर फोहोर नफ्याँक्ने ।
- घर, विद्यालय, कार्यालय तथा स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई निश्चित ठाउँमा मात्र फ्याँक्ने ।
- कुहिने र नकुहिने वस्तु छुट्टाएर राख्ने ।
- शिशा, फलाम जस्ता पुनः प्रयोग हुने वस्तु बेग्लै ठाउँमा राख्ने ।
- प्लाष्टिकलाई नजलाउने । पुनः प्रयोगमा ल्याउने ।
- विभिन्न व्यवसायहरू, उद्योग, कलकारखाना, कार्यालय, स्वास्थ्य संस्था आदिबाट निस्कने फोहर व्यवस्थापन गर्न सम्बन्धित निकाय स्वयं जिम्मेवार बनौं ।
- महानगरपालिका, नगरपालिकाभित्र बसोबास गर्ने हरेक व्यक्तिले घर, टोल, सहर, सडक सफा राख्न फोहोरलाई निश्चित ठाउँमा उचित र सुरक्षित तरिकाले विसर्जन गर्ने ।

यसरी फोहोरलाई उचित तरिकाले विसर्जन गरेमा विभिन्न किसिमका संक्रमण तथा महामारी फैलनबाट रोकथाम हुन गई रोग लाग्नबाट बच्न सकिन्छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय
टेकु, काठमाडौं



**मालसामान तथा सेवा खरिद बिक्री गर्दा विल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको**

## अत्यन्त जरूरी सूचना

मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा विक्रेताले क्रेतालाई अनिवार्य रूपमा विजक दिनुपर्ने र क्रेताले पनि विजक लिनु पर्ने व्यवस्था रहेको छ । विजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयवाट वजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । विक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार मूल्य भन्दा घटीमा विजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रू. ५०००। (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक विक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्य रूपमा विजक जारी गर्न हुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रूपमा विजक लिन हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आङ खस्नु महिलालाई अभिषाप

*सुजाता ढुङ्गाना*

एमनेस्टी इन्टरनेसनलले गएको फागुन ८ गते सार्वजनिक गरेको तथ्याङ्क साँच्चिकै उदेकलाग्दो थियो । एमनेस्टीका अनुसार नेपालमा महिलाले अविवेकी ढङ्गले काम गर्नुपर्ने वातावरण, कम उमेरमा विवाह र धेरै बच्चा जन्माउनुपर्ने बाध्यताले गर्दा उनीहरूको पाठेघर झर्ने समस्या धेरै छ । संयुक्त राष्ट्रसङ्घले नेपालका एक करोड ३६ लाख महिलामध्ये १० प्रतिशत समस्याबाट पीडित रहेको जनाएको छ । नेपालमा अहिले करिब ६ लाख महिला पाठेघर झर्ने समस्याबाट ग्रसित छन् भने दुई लाख महिला तुरुन्तै अप्रेसन गर्नुपर्ने अवस्थामा छन् । पाठेघर झर्ने समस्या लिएर पुग्नेमध्ये अधिकांश ३५ वर्षभन्दा बढी उमेरका छन् । जो बिहान-बेलुका छाक टार्नसमेत अस्कोमा बनिबुतो गर्न बाध्य छन्- एमनेस्टीले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

एमनेस्टीको प्रतिवेदनले बाहिर ल्याएका ६ लाखमध्येकी एक हुन्- उदयपुर त्रियुगा नगरपालिका- १६ माथाने टोलकी आइतीमाया दनुवार । १५ वर्षमै मागीविवाह गरेकी आइतीमायाले पहिलो सन्तान १७ वर्षमै जन्माइन् । चार सन्तानकी आमा बनेकी आइतीमायालाई सुरुवातका दिनमा ढाड दुख्ने, तल्लो पेट दुख्ने र बसेर काम गर्न केही असहज भयो । तर, उनले आफ्नो स्वास्थ्यमा खासै ध्यान दिइनन् । बिस्तारै पाठेघर बाहिर निस्कन थाल्यो । श्रीमतीको पाठेघर झरेको जानकारी भए पनि श्रीमान्‌ले खासै वास्ता गरेनन् । करेकरमा चार सन्तान जन्माएँ भन्छिन् आइतीमाया । 'सुत्केरी अवस्थामा मैले जङ्गल गएर दाउराको भारीदेखि घरका काम भ्याउनुपर्थ्यो,' आइतीमाया भन्छिन्, 'उसबेला सबैले काममा पेलाए, अहिले उमेरमै रोगी भएको, दोस्रो सन्तान जन्मेपछि नै मलाई यो रोग लागेको थियो ।' उनले दुखेसो पोखिन्, 'श्रीमान्‌सँग भन्दा पनि कान्छी ल्याउलान् भन्ने डर । समाजले थाहा पाए हेलाहोचो गर्ने डर । त्यही भएर बेथालाई मनमै लुकाएँ ।'

उदयपुर सैनामैनाकी २८ वर्षकी एक महिलाका अनुसार उनका आफन्तले श्रीमतीलाई पाठेघर झर्ने समस्या देखिएपछि सौता ल्याए । 'उपचार गर्नु त कहाँ हो कहाँ भान्जीदिदी बिरामी भएपछि त भेनाले सौता ल्याएका छन्, दिदी अहिले रूँदै बसेकी छिन्,' उनी भन्छिन्, 'अहिले मलाई पनि भान्जीदिदीलाई जस्तै रोग लागेको छ । बूढाले थाहा पाए भने सौता खेप्नुपर्ला भनेर बरू रोग नै खपेर बसेकी छु ।'

उमेरले ८२ वर्ष कटेकी त्रियुगा नगरपालिका- ७ की नरमाया पोखरेल अहिले दुःखसुख आफ्नो दिन काट्दै छिन् । दोस्रोपटक महिनावारी हुनेबित्तिकै गर्भवती भएकी नरमायाले १६ वर्षमा पहिलो सन्तान जन्माइन् । नरमायाको पाठेघर त्यतिबेलै झरिसकेको रहेछ, तर आफूलाई के भएको भन्ने थाहा भएन उनलाई । 'शारीरिक सम्पर्क गर्दा गाह्रो हुने बताउँदा श्रीमान्‌ले कहिल्यै वास्ता गरेनन्, सकिनसकी चार सन्तान जन्माएँ,' पोखरेल आँसु पुछ्दै भन्छिन्, 'मलाई रोग लाग्यो, अब सन्तान नजन्माऊँ भनेपछि बूढाले सौता ल्याए ।' सानै उमेरमा वैवाहिक सम्बन्धमा बाँधिएकी उनलाई श्रीमान्, सासू कसैले साथ दिएनन् । नरमाया भन्छिन्, 'मलाई रोग लागेको थाहा पाएपछि उपचारमा लैजानु त परै जाओस् जिन्दगीभर दुख्ने सौता भित्र्याए ।'

त्रियुगा नगरपालिका- १० बगाहाकी हीरादेवी झा भने पाठेघर झर्ने समस्याका कारण मर्नु न बाँच्नुको अवस्थामा छिन् । श्रीमान्‌का पहिलाका दुई श्रीमतीबाट सन्तान नजन्मिएपछि सुस्तमनस्थितिकी हीरामायालाई कान्छी श्रीमतीका रूपमा भित्र्याए, तर उनीबाट तीन सन्तान जन्मिएपछि श्रीमान्‌ले वास्ता गरेनन् । उनको पाठेघरको शल्यक्रिया सम्भव भए पनि शल्यक्रियापछि गर्नुपर्ने हेरचाह र पालनपोषण गर्ने कोही नहुँदा दुःख सहँदै बसेकी छिन् ।

पाठेघर खस्ने समस्याले थलिएका यस्ता महिला उदयपुरको गाउँगाउँमा छन् । कोही अधबैंसे उमेरमा नै यो रोगबाट पीडित छन् त कोही जीवनका उत्तरार्द्धमा । सुत्केरी अवस्थामा उचित स्याहार-चाकर नहुँदा गर्भवती अवस्थामा गह्रौं भारी बोक्दा-उचाल्दा महिलाले यस्तो समस्या व्यहोर्नुपरेको हो । पाठेघर खस्ने समस्या महिला भएकै कारणले भोग्ने समस्या हो । तर, श्रीमतीलाई पाठेघर खस्ने रोग लाग्दै छ भन्ने जान्दाजान्दै पनि तिनका श्रीमान्‌ले उपचार गर्न लैजानु त कता हो कता उल्टै सौता भित्र्याएर पीडामाथि नुनचुक थप्ने काम गरेका छन् । यस्तै बाध्यता भोगेकी नरमाया पोखरेल भन्छिन्, 'मजस्तै पाठेघर खसेका धेरै दिदीबहिनीले रोग लागेका कारण सौता खेप्नुपरेको छ ।'

महिला स्वास्थ्य परामर्शकर्ता शर्मिला निरौलाका अनुसार महिला पाठेघर खस्दै छ भन्ने थाहा पाउनेबित्तिकै अस्पताल जाँदैनन् । 'महिला हत्तपत्त स्वास्थ्य केन्द्रसम्म आइपुग्न मान्दैनन्, निरौला भन्छिन्, 'आइहाले पनि पाठेघरको समस्या लुकाउँछन्, अरू नै रोग देखाउँछन् । यसको कारण श्रीमान् र परिवारबाट हुनसक्ने हिंसा नै हो ।'

विगत १६ वर्षदेखि महिला स्वास्थ्य केन्द्रमा परामर्श दिँदै आएकी निरौलाका अनुसार परामर्श केन्द्रमा आउने धेरै महिला दोस्रो चरणमा पाठेघर झर्ने प्रक्रियामा पुगेपछि आउने गरेका छन् । उनको अनुभवमा 'पाठेघर झर्ने समस्याको समाधान भनेको कि त शारीरिक कसरत हो, नत्र शल्यक्रिया नै अन्तिम उपाय हो ।'

महिला स्वास्थ्यको क्षेत्रमा विगत २० वर्षदेखि काम गर्दै आएको संस्था ओरेक नेपालका संस्थापक अध्यक्ष डा. रेणु राजभण्डारी भन्छिन्, 'महिलाको पाठेघर मानवअधिकारको मुद्दा हो । यो रोग लागेका कारण महिलालाई सामाजिक र शारीरिक कुनै पनि रूपबाट विभेद हुनुहुँदैन ।' राजभण्डारीका अनुसार तराईका सिरहा, सप्तरीजस्ता जिल्लाका महिला यो रोगबाट बढी आक्रान्त छन् । तर पनि अन्यत्रजस्तै सामाजिक विभेदको डरले उनीहरूले रोग लागेको कसैलाई थाहा दिँदैनन् ।

जिल्ला जनस्वास्थ्य कार्यालय उदयपुरका प्रमुख डा. चुमनलाल दासका अनुसार, पाठेघर खस्नु भनेको लगातार गर्भवती भइरहने, लामो बेथा लाग्ने तथा बेथा लाग्दा धेरै बल गर्ने महिलाका पाठेघर थाम्ने मांसपेसी र तन्तुहरु कमजोर हुन सक्छन् । यसो हुँदा सिङ्गै पाठेघर वा त्यसको केही अंश झरेर योनिमा आइपुग्छ, त्यसलाई नै पाठेघर खस्नु या आङ खस्नु भनिन्छ । पाठेघर झर्ने समस्याबारे बताउँदै डा. दास भन्छन्, 'पाठेघर तीन चरणमा खस्दछ । पहिलो अवस्थामा स्पेकुलम जाँच गर्दा पाठेघर केही तल खसेको हुन्छ । दोस्रो चरणमा पाठेघर आफ्नो ठाउँबाट निकै तल खसेको हुन्छ । योनिद्वारमा पाठेघरको मुख देख्न सकिन्छ । खोक्दा, कन्दा पाठेघर योनिद्वारबाट बाहिर देखिन्छ । तेस्रो चरणमा पाठेघर पूर्ण रूपले योनिद्वारबाट बाहिर निस्कन्छ । केही महिलामा सुत्ने बेलामा यो योनिद्वारभित्र जान सक्छ, तर कसैमा त्यो नहुन पनि सक्छ ।'

उदयपुरमा पाँच वर्षदेखि महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै आएकी कमला विश्वकर्माका अनुसार अधिकांश महिला रोग छिप्पिएपछि मात्र परामर्श र उपचार गर्न आइपुग्छन् ।

# मुख्य सचिवद्वारा स्वास्थ्य भवनको शिलान्यास

वीरगंज । नेपाल सरकारका मुख्य सचिव लिलामणी पौडेलले वीरगंज कारागारभित्र आयोजित आचार्य तुलसी स्वास्थ्य भवनको शिलान्यास गर्दै मुख्य सचिव पौडेलले सरकार निस्वार्थ भावमा काम गर्ने जो कोहीलाई पनि सघाउन तत्पर रहेको र जिन्दगीभरको कमाईको केहि अशं मात्र समाजिक सेवामा समर्पति गर्यो भने त्यो भन्दा ठुलो आनन्द अरू केहि नहुने हुनाले निरन्तर समाजसेवामा लागि रहनु पर्ने भन्नु भयो । कारागार भित्र हाल संचालनमा रहेको समता विद्यालयले पनि स्तर उन्नतिका लागि सरकार पनि सहयोग गर्न तयार रहेको यद्यपी स्थानीयहरूकै सहयोग भयो भने, उसले बढी मायाँ पाउने हुंदा सामाजिक क्षेत्रमा अझै हात अगाडि बढाउन आग्रह गनुभयो । उहाँले ठुलाले सानालाई बलियाले निर्धा र शक्ति भएकाहरूले कम शक्ति भएकाहरूलाई सहयोग गरेको खण्डमा निश्चय पनि समाजमा स्थायी शान्तिको बातावरण बन्ने हुंदा यो दिशामा लाग्न उपस्थित सबैलाई उहाँले आग्रह गर्नुभयो । करिब रू.१० देखि १५



लाखको लागतमा कारागार परिसरमा स्वास्थ्य भवन बनाउन लागेको कार्यक्रममा सो समितिका कार्यवाहक अध्यक्ष हनुमान देवी नथपल बैध को सुपुत्र अशोक वैधले बताउनुभयो । सो कार्यक्रममा पर्साका प्रजिअ कैलाश कुमार बजिमय ,बारा जिल्लाका प्रजिअ,एस.एस.पी.सर्वेन्द्र खनाल,कारागार प्रमुख धिरज मरासनी,समता स्कुलका अध्यक्ष समेतको उपथिति रहेको थियो र वीरगंज उद्योग वाणिज्य संघमा गरिएको अन्तक्रिया कार्यक्रममा मुख्य सचिव पौडेलले क्षणिक लाभको लागि कसैले गलत कार्य गर्छ भने त्यसलाई संस्थागत रूपमा नै बहिष्कार गर्न उद्योगि व्यावसायीलाई आग्रह गरे । उनले समाज र राष्ट्रलाई नै अहित हुने कार्य कसैले गर्छ भने त्यस्ता व्यक्ति र समुहलाई जुनसुकै हालतमा पनि कारवाही गर्न पछि नपर्ने बताए । मुलुक जटिल अवस्थामा रहेको र निर्णायक शक्ति कमजोर भएका कारण देशमा विभिन्न किसिमका समस्या रहेकोले यसको समाधानको लागि सबै लाग्नुपर्ने बताए । उनले समाज र हामी आफ्नो लागि आफैले पहल गरेमात्र समस्या समाधान हुने भन्दै राज्यकोषबाट आउने बजेट कहाँ कति कसरी खर्च भईरहेको छ भन्ने निगरानी प्रत्येक व्यक्तिले राख्नुपर्ने आवश्यकता औल्याए । वीरगंजका उद्यागि व्यावसायीहरूले मुलुकको उर्जा संकट,एकीकृत भन्सार जाँच चौकी,हुलाकी सडक र वीरगंजको विकासको विषयमा राखेको प्रश्नको उत्तर दिनुहुदै पौडेलले उर्जा संकट समाधानको लागि खिम्ती,ढल्केबर,मुजफरपुर विद्युत प्रशारण लाईनको निर्माण तिव्र गतिमा भईरहेको जानकारी दिए ।

## खेलकुद

# विश्वकप विज्ञापन कमाइमा रोनाल्डो अघि

लन्डन । यसपटकको विश्वकप फुटबलमा पोर्चुगल समूह चरणबाटै बाहिरियो । त्यसैले टोलीको नेतृत्व गरेका क्रिस्टियानो रोनाल्डो पनि अहिले ब्राजिलबाट फर्किसकेका छन् ।

तर, विश्वकप विज्ञापनबाट उही रोनाल्डोले सर्वाधिक कमाइ गरेका छन् । जर्मन विश्लेषक डा. पिटर रोल्हमानले गरेको 'रिसर्च'ले रोनाल्डोले यो विश्वकपमा विज्ञापनबाट मात्रै १४.१ मिलियन पाउन्ड कमाइ गरेको देखाएको छ ।

उनले यो प्रतिस्पर्धामा अर्जेन्टिनी सुपर स्टार लियोनल मेसीलाई पछि पारेका छन् । १३.६ मिलियन पाउन्ड कमाइ गरेका मेसी दोस्रो स्थानमा छन् । रोनाल्डोले सर्वाधिक विज्ञापन रकम नायकबाट लिएका हुन् भने मेसीले एडिडासबाट लिएका हुन् ।

यस्तै, ब्राजिलियन सुपर स्टार नेमार जुनियर तेस्रो स्थानमा पुगेका छन् । नेमारले विज्ञापन सम्झौतामार्फत ९.५ मिलियन पाउन्ड कमाइ गरेका छन् । उनलाई पनि नाइकले प्रायोजन गरेको छ । यो लिस्टमा इंग्लिस फुटबलर वायन रूनी, कप्तान स्टेभन जेरार्ड र फ्रांक लाम्पार्ड पनि शीर्ष १० भित्र अटाएका छन् । यसपटकको विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्न नसकेको इंग्ल्यान्ड समूह चरणबाटै बाहिरिइसकेको छ ।

रूनी, जेरार्ड र लाम्पार्डले पनि आ-आफ्नो प्रायोजकबाट तीन मिलियन पाउन्ड प्राप्त गरेको जनाइएको छ । यस्तै, उरुग्वेका स्ट्राइकर लुइस सुअरेज पनि अघि देखिएका छन् । सुअरेजले पनि आफ्नो प्रायोजक एडिडासमार्फत वार्षिक तीन मिलियन पाउन्ड प्राप्त गरेको जनाइएको छ । उनको टोली पनि विश्वकपको प्रि-क्वार्टरफाइनलबाट बाहिरिइसकेको छ । समूह चरणको अन्तिम खेलमा इटालियन डिफेन्डर जर्जियो चिलिनीलाई मैदानमै टोकेपछि सुअरेजले कोलम्बियाविरुद्धको प्रि-क्वार्टरफाइनल खेल गुमाएका थिए ।

फिफाको अनुशासन समितिले सुअरेजलाई चार महिना कुनै पनि फुटबल गतिविधिमा संलग्न हुन नपाउने गरी प्रतिबन्ध लगाएको छ । उनलाई फिफाले नौ अन्तर्राष्ट्रिय खेलमा समेत प्रतिबन्ध लगाएको छ । आफ्नो रिसर्च रिपोर्टमा डा. रोल्हमानले कम्पनीले अनुहार र उनीहरूले कमाएको प्रसिद्धिलाई हेरेर आफ्नो उत्पादनको विज्ञापनका लागि खेलाडीको छनोट गरेको उल्लेख गरेका छन् । रिसर्चले कम्पनीले खेलाडीसँग फुटबल बुटका लागि मात्रै पनि सय डलरभन्दा बढीको प्रायोजक सम्झौता गरेको देखाएको छ ।

# पुबुदुको करार मन्त्रालयले थप्ने

खेलकुद मन्त्रालयले आर्थिक व्ययभार व्यहोर्दै प्रशिक्षक पुबुदु दासानायकेलाई थप एक वर्षका लागि मुख्य प्रशिक्षकको रूपमा ल्याउने भएको छ ।

खेलकुदमन्त्री पुरुषोत्तम पौडेलले मंगलबार यस सम्बन्धमा प्रक्रिया अगाडि बढाइएको जनाएका छन् । यसअघि क्यानको प्रस्तावमा मन्त्रालयले प्रशिक्षकको आधा तलब व्यहोर्ने सहमति जनाएको थियो । यद्यपि क्यानले आर्थिक अभावकै कारण प्रशिक्षक पुबुदुलाई तत्काल अनुबन्ध गर्न नसक्ने जनाएको दोस्रो दिनमै मन्त्रालयले यो निर्णय सार्वजनिक गरेको हो ।

# क्यामरूनले अनुसन्धान थाल्यो

साल्भाडोर । क्यामरूनको फुटबल संघले सात खेलाडीमाथि विश्वकप फुटबल प्रतियोगितामा 'म्याच फिक्सिङ' आशंका गर्दै आफ्नो कारबाही अगाडि बढाएको छ । विश्वकपको पहिलो चरणबाट बाहिरिएपछि संघले सात खेलाडीबाट म्याच फिक्सिङ गरेको आरोप लगाएको छ । समूह चरणमध्ये क्रोएसियाविरुद्ध ४-० ले पराजित हुंदा ती सातै खेलाडीबाट फिक्सिङ भएको दाबी संघको छ ।

'पछिल्लो प्रमाणअनुसार हामीले क्रोएसियासँग प्रतिस्पर्धामा खेल मिलेमतो भएको स्पष्ट छ, हाम्रा खेलाडीले प्रतिस्पर्धामा टिमस्पिरिटका साथ प्रतिस्पर्धा गरेनन्, उनीहरूले खेललाई सामान्य रूपमा लिए,' संघले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । अनुसन्धान सहज बनाउन संघले फिफाअन्तर्गत रहेको खेलाडी अनुशासन कमिटीलाई आग्रह गरेको छ । 'हामीले फिफालाई पत्र पठाउँदै अनुसन्धान सहज बनाउन आग्रह गरेका छौं । फिफाले संघलाई सहयोग गर्ने विश्वास छ,' संघले जनायो । गत आइतबार क्यामरूनका राष्ट्रपतिले टोली बाहिरिनुको अनुसन्धान हुनुपर्ने बताएका थिए । राष्ट्रपतिको निर्देशनअनुसार क्यामरून फुटबल संघले आफ्नो अनुसन्धान थालेको एजेन्सीले जनाएका छन् ।

खेल भावनाविपरीत काम गर्ने खेलाडीमाथि कडा कारबाही गर्न आफूहरु तयार रहेको संघ उल्लेख गरेको छ । 'राष्ट्रघातीलँई छाड्नेवाला छैनौं । क्यामरूनको फुटबल छवि बिगार्ने काम गर्ने कडा सजायको भागेदारी हुनुपर्छ,' संघका अन्तरिम अध्यक्ष जोसेफ ओओनाले भने, 'अनुसन्धान कमिटीले स्वतन्त्रपूर्ण छानबिन गर्नेछ, उनीहरूलाई कुनै दबाब छैन ।' जर्मनी म्यागजिन डेर स्पिएगलले गत साता क्यामरूनका मिडफिल्डर विल्सनले अन्तर्राष्ट्रिय सट्टेबाजको निर्देशनअनुसार प्रदर्शन गरेको समाचार छापेको थियो । समाचारपछि क्यामरून फुटबल संघमा सनसनी फैलियो । यता, मिडफिल्डर विल्सनले आफूले विश्वकपमा मिलेमतो नगरेको बताएका छन् ।

यसैगरी, क्रोएसियाविरुद्ध मिडफिल्डर एलेक्स सोङ अनावश्यक रूपमा मैदानबाट बाहिरिएको डेर स्पिएगलले उल्लेख गरेको छ । मध्यान्तरअगाडि क्रोएसियाका खेलाडी मारियो मान्डुजुकीलाई अनावश्यक रूपमा अट्याक गरेपछि सोङले रातो-कार्ड खाएका थिए । जसकारण दोस्रो हाफमा क्यामरूनले १० खेलाडीमा प्रतिस्पर्धा गरेको थियो । खेल सकिएपछि क्यामरूनकै खेलाडीद्वय बेनोटी असोउ र बेन्जामिन माउकान्डो आपसमा भगडा गरेका थिए । यी सबै घटना मध्यनजर केलाउँदा क्रोएसियाविरुद्धको खेलमा खेलाडीबाट मिलेमतो भएको अन्तरिम अध्यक्ष जोसेफले बताए ।

## रङ्गीन खबर

### राष्ट्रप्रमुखको हातबाट एक घन्टामा चार वर्षका अवार्ड प्रदान

काठमाडौं । राष्ट्रपति डा. रामवरण यादवको हातबाट राष्ट्रिय चलचित्र पुरस्कार तथा दीर्घ साधना सम्मान-०७० प्रदान गरिएको छ । चलचित्र विकास बोर्डले आफ्नो स्थापना दिवस (१६ असार) को अवसर पारेर सोमबार राष्ट्रपति भवन, शीतल निवासमा एक समारोह आयोजना गरी ०६७, ०६८, ०६९ र ०७० चार वर्षको अवार्ड र सम्मान एकसाथ प्रदान गरेको हो ।

यसपालिदेखि सुरू गरिएको दीर्घ साधना सम्मान वरिष्ठ चलचित्रकर्मी यादव खरेललाई प्रदान गरियो । चलचित्र क्षेत्रमा अनवरत योगदान गरेबापत प्रदान गरिने यो सम्मान ३ लाख ५१ हजार एक सय ११ रुपैयाँ नगद राशीको छ । राष्ट्रिय चलचित्र पुरस्कार-०६७ मा आर्यन सिग्देल र रेखा थापाले कसले चोर्‍यो मेरो मनबाट सर्वोत्कृष्ट अभिनेता र अभिनेत्रीको अवार्ड प्राप्त गरे । कार्यक्रममा रेखा भने उपस्थित थिइनन् ।

०६७ मा सर्वोत्कृष्ट फिल्मको अवार्ड बाटोमुनिको फूलले पायो भने सोही फिल्मबाट सुरज सुब्बाले सर्वोत्कृष्ट निर्देशक र लेखक र सञ्जय लामाले क्यामेराम्यानको अवार्ड जिते । विपीन मल्लले सर्वोत्कृष्ट सम्पादक र निर्जल श्रेष्ठले कसले चोर्‍यो मेरो मनबाट कला निर्देशकको अवार्ड प्राप्त गरे ।

०६८ सालभरिका फिल्ममध्येमा नीर शाह निर्देशित मसान सर्वोत्कृष्ट फिल्म ठहरियो । शनिबार रातिदेखि अचानक बिरामी भई उपचाररत भएकाले शाहको अवार्ड उनकी छोरी आकांक्षाले लिएकी थिइन् । मसानबाटै नीता ढुंगानाले सर्वोत्कृष्ट अभिनेत्रीको अवार्ड जितिन् भने सौगात मल्लले लुट फिल्मबाट सर्वोत्कृष्ट अभिनेताको अवार्ड प्राप्त गरे । लुटबाटै सुरेन्द्र पौडेलले सम्पादकको र योगेन्द्र श्रेष्ठले द्वन्द्व निर्देशकको अवार्ड जिते । सर्वोत्कृष्ट निर्देशकको अवार्ड भने अन्दाजका उज्ज्वल घिमिरेले प्राप्त गरे । सोही फिल्मबाट विष्णु कल्पित घिमिरेले सर्वोत्कृष्ट क्यामेराम्यानको अवार्ड जिते । कर्ण शाक्यलाई पल फिल्मको लेखनका लागि सर्वोत्कृष्ट लेखकको अवार्ड प्रदान गरियो ।

०६९ सालका फिल्ममध्ये जुरीले नोटबुकलाई सर्वोत्कृष्ट ठम्याएको छ । निर्देशकमा भने मायाज बारका लागि दिनेश डिसीले अवार्ड पाए । त्यसैगरी, विल्सनविक्रम राईले रिदमबाट सर्वोत्कृष्ट अभिनेताको अवार्ड जिते भने अभिनेत्रीको अवार्ड फेसबुक फिल्मका लागि झरना थापाले प्राप्त गरिन् । देव नेपालले मेरो कथाका लागि लेखकको अवार्ड पाए भने नोटबुकबाट वनिष शाहले सम्पादकको अवार्ड जिते । मेकअपम्यानको अवार्ड भने धन्दाबाट निमा लामाले प्राप्त गरे । रिदमको पागल म बन्न सक्छु बोलको गीतका लागि रजिना रिमालले अवार्ड पाइन् । पहिलो र अहिलेसम्मकै अन्तिम नेपाली थ्रिडी फिल्म भिजिलान्तेबाट पुरूषोत्तम प्रदानले सर्वोत्कृष्ट छायाकारको अवार्ड जिते । ०६९ को उत्कृष्ट सांस्कृतिक फिल्मको अवार्ड 'सुम्निमा' फिल्मलाई दिइयो ।

०७० सालका फिल्मबीचको अवार्डमा भने साँघुरो सर्वोत्कृष्ट ठहरियो । निर्देशकमा भने अन्तरालकी दीपा बस्नेतले अवार्ड प्राप्त गरिन् । अनि, अभिनेतामा साँघुरोका सशांक मैनाली र अभिनेत्रीमा झोलाबाट गरिमा पन्तले अवार्ड प्राप्त गरे । सर्वोत्कृष्ट संगीतकारको अवार्ड नाइँ नभन्नु ल-२ का लागि वसन्त सापकोटाले प्राप्त गरे भने कृष्णहरि बरालले सोही फिल्मको मर्ने कसैलाई रहर हुँदैन... बोलको गीतका लागि सर्वोत्कृष्ट गीतकारको अवार्ड हात पारे । कर्कश फिल्मका लागि लोकेश बज्राचार्यले सम्पादकको अवार्ड जिते भने गौरीशंकर धुजूले शिरीषको फूलका लागि सर्वोत्कृष्ट छायाकारको अवार्ड प्राप्त गरे । स्क्रिप्टमा भने साँघुरोका विनोद पौडेलले बाजी मारे । अनि, ०७० सालको सर्वोत्कृष्ट सांस्कृतिक फिल्मको अवार्ड भने 'कुसुम' लाई दिइयो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रपति डा. यादवले देशका गहना कलाकर्मीलाई सम्मान गर्न पाएकोमा खुसी व्यक्त गर्दै नेपाली चलचित्र क्षेत्रको विकास र विस्तारका लागि सबै एक हुनुपर्नेमा जोड दिए ।

साँझ पाँच बजे सुरू भएको अवार्ड वितरण कार्यक्रम करिब एक घन्टामै सकिएको थियो । अवार्डमा फिल्ममा अभिन्न अंग मानिने कतिपय विधा समावेशै थिएनन् । सीमित चलचित्रकर्मी र सञ्चारकर्मीलाई निम्त्याइएको अवार्ड वितरण कार्यक्रममा सञ्चारमन्त्री मीनेन्द्र रिजालले स्वागत भाषण गरेका थिए । आफूहरूले सफलतापूर्वक अवार्ड सम्पन्न गर्न सफल भएको भन्दै चलचित्र विकास बोर्डका अध्यक्ष धर्मेन्द्रकुमार मरवैताले खुसी व्यक्त गरेका थिए ।

### मुक्त अनुभूतिमा विक्रम र मनु

काठमाडौं । शिल्पी थिएटरले सुरू गरेको विमर्श शृंखला 'मुक्त अनुभूति'मा शनिबार कवि विक्रम सुब्बा र मनु मञ्जिलले आफ्ना कविता र त्यसमाथिको अनुभूति सुनाएका छन् ।

८/८ कविता सुनाएका उनीहरूले आफ्नो कविता-यात्रा, रचना प्रक्रिया र त्यसबारे विचार प्रस्तुत गरे । हरेक महिनाको दोस्रो शनिबार गरिने विमर्शको यो दोस्रो शृंखला हो । चर्चित कविका अनुभूतिबारे पाठकसँग अनौपचारिक अन्तर्क्रिया गर्ने उद्देश्यका साथ शृंखला सुरू गरिएको संयोजक रोहित खतिवडाले बताए ।

रंगमञ्चमा कलाका अरु माध्यमलाई पनि जोड्ने प्रयासका साथ कार्यक्रम परिकल्पना गरिएको शिल्पीका संयोजक घिमिरे युवराजले बताए ।

### 'जूनका पाइला' र 'अन्धसत्ता' सार्वजनिक

काठमाडौं । जुनु क्षेत्रीको संस्मरण संग्रह 'जूनका पाइला' र अमर त्यागीको सूत्र कथा संग्रह 'अन्धसत्ता' बजारमा आएको छ । शनिबार राजधानीमा डा. तारानाथ शर्मा, डा. सुधा त्रिपाठी, डा. लक्ष्मणप्रसाद गौतम र डा. निर्मोही व्यासले दुवै कृति विमोचन गरेका हुन् । अमेरिका बस्दै आएका दम्पतीले नेपाल आएका वेला कृति प्रकाशनमा ल्याएका हुन् । संस्मरण संग्रह शब्दघर छापाखाना र कथा संग्रह कौशिकी साहित्य प्रतिष्ठानले बजारमा ल्याएको हो ।

### सगुनको संघर्ष

मोडलिङबाट कलायात्रा सुरू गरेका सगुन श्रेष्ठ अचेल फिल्म अभिनयमा व्यस्त छन् । सात वर्षअघि रहरैरहरमा मोडलिङ थालेका उनी दिनेश शर्माको दानव फिल्मबाट हिरो बनेका छन् ।

फिल्म क्षेत्रमा आफ्नो बेग्लै पहिचान बनाउने धुनमा संघर्षरत सगुनले मोडलिङ क्षेत्रमा विभिन्न अवार्ड जितेका थिए । दानव प्रदर्शनपछि आफ्नो प्रतिभाको कदर हुने विश्वास उनको छ ।

### मिस टिनको आवेदन खुला

मिस टिन आइडल-०१४ को आवेदन खुला भएको छ । कम्तीमा कक्षा १० (सेन्टअप) पास गरेका १५ देखि १९ वर्षसम्मका किसोरीले भाग लिने पाउने प्रावधान राखिएको प्रतियोगिताको आयोजक एक्सन इन्टरटेनमेन्ट हो । सन् २००९ देखि वार्षिक रूपमा मिस मंगोल नेपाल र मिस लिटिल आइडल आयोजना गर्दै आएको एक्सन इन्टरटेन्मेन्टले टिन एजर युवतीमा अन्तरनिहित प्रतिभा उजागर गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरेको आयोजक संस्थाकी प्रबन्ध निर्देशक चन्दा घिसिङले बताएकी छिन् ।

प्रतियोगिताको आवेदन १३ असारसम्मीलँ भर्न सकिने र १४ गते अडिसन हुनेछ । अडिसनबाट छनोट भएका प्रतियोगीका लागि असार २१ देखि विभिन्न विषयमा प्रशिक्षण सुरू गरिने र साउन १७ मा फाइनल प्रतियोगिता गरिनेछ । आवेदन फारम एक्सन इन्टरटेन्मेन्टको अनामनगरस्थित कार्यालयबाट लिन सकिने बताइएको छ ।

### सबिनाको सिमलको भुवा

नवगायिका सबिना केसीले आफ्नो एकल स्वरमा पहिलो एल्बम सिमलको भुवा श्रोतामाझ ल्याएकी छिन् । आधुनिक गीति संगालो सिमलको भुवाका गीत पनि सबिना आफैंले लेखेकी हुन् । विकास चौधरीको संगीत रहेको एल्बमका गीत क्रमशः चर्चित हुँदै गएको उनी बताउँछिन् । संगीत सिक्दै गरेकी सबिनाले आधा आकाश, आगो-२ लगायत फिल्ममा पनि स्वर दिएकी छिन् । गायनका साथै उनी अभिनय पनि लगाव राख्छिन् ।

## कर्पोरेट

### वृद्धवृद्धालाई हिमालयन बैंकको सहयोग

काठमाडौं । हिमालयन बैंकले मध्यपुर थिमीको सानोठिमीस्थित ओम वृद्धाश्रमका वृद्धालाई सहयोग प्रदान गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले वृद्धाश्रममा आश्रित ११ वृद्धालाई ओढ्ने तथा लगाउने कपडा, खाना पकाउने राइसकुकर, चामललगायत सामग्री प्रदान गरेको हो । प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर जबराले सहयोग सामग्री हस्तान्तरण गरेको बैंकले जनाएको छ ।

### नेसनल माइक्रोफाइनान्सले २० शाखा विस्तार गर्ने

काठमाडौं । नेसनल माइक्रोफाइनान्स वित्तीय संस्थाले मुलुकका विभिन्न स्थानमा २० शाखा सञ्चालनको तयारी भइरहेको जनाएको छ । संस्थाले शाखामार्फत लघुवित्त कारोबार गर्नेछ । संस्थामा नेपाल इन्भेस्टमेन्ट बैंक, कुमारी बैंकलगायत सात बैंक तथा वित्तीय संस्थाको लगानी छ । अधिकृत पुँजी ५० करोड, जारी पुँजी दश करोड तथा चुक्ता पुँजी सात करोड रहेको संस्थाले सर्वसाधारणका लागि ३ करोड छुट्याएको जनाएको छ ।

संस्था सञ्चालक अध्यक्षमा केशवप्रसाद आचार्य, गंगाप्रसाद उप्रेती, ज्योतिप्रकाश पाण्डे, उदयकृष्ण उपाध्याय, रविन सिजापति र डा. रमा बस्याल सदस्य रहेका छन् । संस्थाको प्रमुख कार्यकारी अधिकृतमा रामबहादुर यादव कार्यरत छन् । संस्थाले वित्तीय सेवाको पहुँच नपुगेका ग्रामीण तथा दुर्गम क्षेत्रमा लघुवित्त कारोबारमार्फत सर्वसाधारणलाई सेवा पुर्‍याउँदै आएको छ ।

### शंकर सिन्थेटिक्स आइओसीको एजेन्ट

काठमाडौं । शंकर ग्रुपअन्तर्गतको शंकर सिन्थेटिक्स इन्डियन आयल (आइओसी) को नेपालका लागि कमिसन एजेन्ट नियुक्त भएको छ । शंकर सिन्थेटिक्सले आइओसीका पिपी, एचडिपिई तथा एलएलडिपिई उत्पादन नेपाली बजारमा बिक्री वितरणको जिम्मा पाएको छ ।

एजेन्ट सम्झौतापत्रमा आइओसीका बोर्ड सदस्य एमके सिन्हा, शंकर ग्रुपका अध्यक्ष शंकर अग्रवाल तथा शंकर सिन्थेटिक्सका प्रबन्धक निर्देशक राजकुमार अग्रवालले हस्ताक्षर गरेका थिए ।

### लुम्बिनी बैंकको एकीकृत कारोबार

काठमाडौं । लुम्बिनी बैंक र नवदुर्गा फाइनान्स एक-आपसमा मर्जर भएपछि एकीकृत लुम्बिनी बैंक लिमिटेडका रूपमा बैंकिङ कारोबार सुरू भएको छ । विशेष साधारणसभाले दुवै संस्था एक-आपसमा गाभ्ने/गाभिने प्रस्ताव पारित गरेपछि राष्ट्र बैंकको अन्तिम स्वीकृतिपछि एकीकृत वित्तीय कारोबार सञ्चालन गरिएको हो । नवदुर्गाको सय कित्ता सेयरबराबर लुम्बिनीको ८० कित्ता सेयर हुने गरी सेयर अनुपात कायम गरिएको छ । मर्जरपछि बैंकको चुक्ता पुँजी १८८ करोड, कर्जा लगानी करिब १४ अर्ब र निक्षेप करिब १५.५० अर्ब पुग्नेछ । मर्जरपछि पनि बैंक सञ्चालक समितिमा अध्यक्ष प्रकाश श्रेष्ठ कायम रहनेछन् ।

### प्राइममा अध्यक्ष र सिइओ नियुक्त

काठमाडौं । प्राइम लाइफ इन्स्योरेन्स कम्पनी हाले सम्पन्न सञ्चालक समिति बैठकले सञ्चालक समिति अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत नियुक्त गरेको छ । कम्पनी अध्यक्षमा डा. उपेन्द्रकुमार कोइराला तथा प्रमुख कार्यकारी अधिकृतमा मनोजकुमार भट्टराई नियुक्त भएका हुन् ।

त्रिविसँग आबद्ध कोइरालाले योजना आयोगमा सल्लाहकार, खाद्य संस्थानमा महाप्रबन्धक, आयल निगममा कार्यकारी अध्यक्षलगायत पदको जिम्मेवारी सम्हालिसकेको कम्पनीले जनाएको छ । त्यस्तै, सिइओ भट्टराईले २० वर्षभन्दा बढी एनआइसीमा काम गरिसकेका छन् भने नेपाल लाइफमा पूर्वप्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हालिसकेका छन् । प्राइम लाइफ आउनुअघि उनी ग्रान्ड बैंकका महाप्रबन्धक थिए ।

### एनबीको बैंकिङ सेवा खोकनामा

काठमाडौं । नेपाल बंगलादेश बैंक (एनबी)ले आठौं शाखारहित घरदैलो बैंकिङ सेवा ललितपुर जिल्लाको खोकना गाविसमा सोमबारबाट सञ्चालनमा आएको छ । उक्त सेवाको उद्घाटन बैंकका सहायक महाप्रबन्धक रामेश्वर शर्मा अर्यालले गरे । यस सेवाका लागि बैंकले स्थानीय हरिराम डंगोललाई आधिकारिक प्रतिनिधिमा नियुक्त गरेको पनि जानकारी गराएको छ ।

यस सेवाअन्तर्गत ग्राहकले खाता खोल्ने, रकम जम्मा गर्ने, भुक्तानी प्राप्त गर्ने, उपभोग्य सेवाको बिल भुक्तानी गर्नेजस्ता सीमित बैंकिङ सेवा प्राप्त गर्नसक्ने बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । बैंकले आफ्ना २५ शाखा, ८ शाखारहित घरदैलो बैंकिङ सेवा तथा ३३ वटा एटिएमबाट बैंकिङ सुविधा दिँदै आएको जनाएको छ ।

### नबिल बैंकको सहयोग

काठमाडौं । नबिल बैंकले सृजनशील बालसेवा परिवारलाई वित्तीय सहयोगस्वरूप पहिलो चरणमा डेढ लाख रुपैयाँ उपलब्ध गराएको छ । बैंकले संस्थालाई ३ लाख रुपैयाँ उपलब्ध गराउन पहिलो किस्ताअन्तर्गत डेढ लाख हस्तान्तरण गरेको हो ।

संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उपलब्ध गराइएको डेढ लाख रुपैयाँको चेक बैंकका सहायक महाप्रबन्धक रमेश लोहनीले सृजनशील बालसेवा परिवारका अध्यक्ष उमा बस्नेतलाई हस्तान्तरण गरेका थिए । बैंकले उपलब्ध गराएको सहयोग संस्थामा आश्रित अनाथ बालबालिकाको खानपिन, बासस्थान तथा शिक्षाका लागि प्रयोग गरिनेछ ।

## माओवादीका...

कार्यगत एकता गरेका पाँच कम्युनिष्ट पार्टीहरूले सात उद्देश्य, पाँच कार्ययोजना र सात कार्यविधिसहित कार्यगत एकताको घोषणा गरेका छन् ।

कार्यगत एकता घोषणा गर्न हालै आयोजित पत्रकार सम्मेलनमा कार्यगत एकता भयो अब पार्टीगत एकता वा एकीकरण कहिले हुन्छ भन्ने पत्रकारहरूको प्रश्नमा एमाओवादी अध्यक्ष दाहालले भने दीर्घकालिन महत्वसहितको कार्यगत एकता गरेका छौं र पाँच वटै पार्टीले एउटै भाषा बोल्न सुरू गरेका छौं भन्दै तपाईंहरूले अब छिट्टै त्यसको उत्तर पाउनु हुन्छ भन्दै सहकार्य र सहआन्दोलनका क्रममा वैचारिक संश्लेषण भएर राजनीतिक कार्यदिशामा पनि सहमति हुने प्रष्ट पार्दै समाजवाद र साम्यवाद मान्ने मान्छेहरूको अब एउटै कम्युनिष्ट पार्टी बन्ने उद्घोष समेत गरेका छन् ।

कार्यगत एकता गर्न पाँचै पार्टीबाट गठन गरिएको कार्यदलले अघि सारेको अबधारणालाई अन्तिमरूप दिएर पत्रकार सम्मेलन मार्फत् त्यो सार्वजनिक गरिएको थियो । अब कार्यदलले तयार पारेको कार्यगत एकताको प्रस्तावलाई पाँचै पार्टीले तल्लो तहसम्म लगेर छलफल र बहस गर्दै तल्लोतहसम्ममा समन्वय गरी पाँचै पार्टीको संयुक्त कार्यक्रम गर्ने, विचार गोष्ठी आयोजना गर्ने, अन्तर्क्रिया अगाडि बढाउने, जनसभा गर्नेलगायतका अन्य कार्यक्रमहरू समेत अघि सारेको छ । पहिचानसहितको संविधान निर्माण गर्न पार्टी एकीकरणको प्रयासका लागि कार्यगत एकता गरिएको हो भन्दै संविधानसभाबाट बाहिर आउन कार्यगत एकता नगरिएको अध्यक्ष दाहालले बताएका थिए ।

## व्यक्तिगत...

भएको ९ महिना हुँदै छ, ५ वर्षपछि मात्र अर्को चुनाव हुने हो । त्यतिञ्जेल प्रचण्डको यो माओवादी मोर्चा कायमै रहला ?

अर्को आश्चर्यको विषय के छ भने वैद्य प्रचण्डबाटै फुटेका हुन्, मातृका र मणि प्रचण्डमाथि भंष्ट र राष्ट्रघाती देख्ने तत्व हुन् भने परी थापा 'एक्लो शक्ति'जस्तो छन् । यस्ता आलोचकलाई मिलाएर बनेको मोर्चाले प्रचण्डको आक्रमण आदेशलाई पालना गरेर कांग्रेस एमालेमाथि विना जनाधार माहुरीको गोलो बनेर टोक्न र ठोक्न जलान् भनेर विश्वास गर्न सकिन्नँ ।

प्रचण्ड खुला राजनीतिको ९ वर्षमा नेतृत्व गर्न असफल कमाण्डर हुन् । जनताले समेत प्रचण्डलाई इन्कार गरिसकेको परिदृश्य सबैले देखेका छन् । यो अवस्थामा बनेको माओवादी मोर्चा बम त के छर्रासमेत बन्न नसक्ने विज्ञहरूको दाबी छ । बुद्धिजिवीहरूको निष्कर्ष छ, माओवाद प्रचण्डकै कारण सदाका लागि फेल भइसक्यो

## माओवादी किन...

भनाई रहेको छ । एक चर्चा अनुसार लडाकु शिविरमा भएको भ्रष्टाचार र जनयुद्धमा लुटेको सम्पत्ति समेत विदेशी बैंकमा जम्मा रहेका छन् । प्रश्न छ, कि संयुक्त सरकारले विदेशमा रहेको कालोधन फिर्ता ल्याउन सक्ला ?

## हामीलाई पनि...

त पहिले संविधान देउ भनेर आक्रोश समेत पोखेका छन् । तर लाज नभएका सभासदहरू ५ करोड चाहिन्छ नत्र बजेट पास गरिन्न भनेर अर्थमन्त्रीलाई धम्क्याउन थालेका छन् । यसरी बजेट माग गर्नेहरूमा प्रतिपक्षीको झिनो अवाजलाई सत्ता पक्षका सभासदहरूले बुलन्द पारिदिएका छन् । बजेट निर्माणको अन्तिम चरणमा पुगेका अर्थमन्त्री यो मामिलालाई व्यवस्थापन गर्न मुख्य दलहरूसँग विचार विमर्श गर्ने तयारी गर्दैछन् ।

## एकता भाँड्ने...

मतदातामा ओलीतिर ३८ र माधवतिर ३७ प्रतिशत देखिएका छन् । २५ प्रतिशत मतदाता खुल्न चाहिरहेका छैनन् । यही २५ प्रतिशत मतदाता निर्णायक हुनेछन् । माधव वा केपी, कसले अध्यक्ष पद जित्छन् भन्न सकिन्न ।

साम, दाम, दण्ड र भेद दुवै उम्मेदवारले प्रयोग गरेका छ्न । तर व्यक्तिगत र तुच्छ गालीगलौजमा माधव नेपाल उत्रिएकाले उनको पल्ला हलुंगो छ भन्ने विश्लेषकहरूको ठम्याइ छ । स्वंय झलनाथ कसको पक्षमा छन्, खुलेको छैन । संसदीय दलको चुनावमा माधव नेपाल झलनाथको पक्षमा लागेका थिए ।

प्रचारमा आएअनुसार एमालेको अधयक्षको को हुने ? यस सम्बन्धमा 'आकाशवाणी' हुनेछ, रिमोर्ट अन्तै भएकाले माधव नेपाल उत्साहित छन् । भन्नेहरू भन्छन्, जसरी झलनाथ खनाल संसदीय दलको नेतामा उफ्रिएर पछारिए, माधव नेपाल त्यसैगरी पछारिने छन् ।

## सार्कमा...

कुटनीतिक ज्ञाताहरू भारत नेपालमा रहेको सार्क सचिवालय दिल्लीमा सार्ने रणनीतिमा छ । सार्क नेपालमा रहँदा दिल्लीको नेपाल नीतिमा अप्ठेरो परेको र हस्तक्षेपका बारेमा छिटो छिमेकीहरूमा भारतप्रति घृणाभाव फैलने भएकाले अन्तर्राष्ट्रिय संस्थाहरू नेपालमा नरहोस् भन्ने चाहना राख्छ । भारतले सार्क सचिवालय दिल्लमा बन्दै छ भन्नेको प्रति नेपालको परराष्ट्र मन्त्रालय सोधखोज गर्न छोडेर आश्चर्य मात्र प्रकट गरिहेको देखिन्छ ।

समाचार अनुसार सार्क विश्वविद्यालय र क्षेत्रीय केन्द्र दिल्लीमा रहेकाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सार्क सचिवालय दिल्लीमा सार्न इच्छुक रहेका छन् । तर प्रश्न उठ्छ, सार्क सदस्यहरू कसैलाई पनि थाहै नदिई दिल्लीले निर्णय लाद्न किन खोज्यो ? कतै दिल्ली सार्क संगठनमा आफ्नो दादागिरी प्रदर्शन गरेर सार्कलाई विघटन गर्न खोजिरहेको त छैन भन्ने प्रश्न समेत उठेको छ ।

## मन्त्री, सचिवलाई...

गरेका भएपनि सरकारका मुख्य सचिव र त्यहाँ रहेका कार्मचारीहरूले त्यस्तो निर्देशन पालना गराउन सम्बन्धित निकायलाई दबाब दिन सकेका छैनन् । मन्त्रीस्तरीय निर्णयबाटै थुप्रै असंवैधानिक निर्णयहरू भएपनि त्यस्ता निर्णयहरूलाई सच्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट निर्देशन दिन सक्ने व्यवस्था भएपनि आदेशको पालना नभए के गर्ने भन्ने विषयमा अख्तियारको ऐन र कानुनमा समेत कुनै प्रष्ठ व्यवस्था नहुँदा आयोगका निर्देशनहरू पलना नभएको सिंहदबार सुत्रले दाबी गरेको छ ।

अख्तियारमा बर्सेनी झण्डै २० हजार उजुरी पर्ने गरेको र आयोगको ऐन, कानुनमा कतिपय विषयमा प्रष्ठ व्यवस्था नहुँदा आयोगको कामकारबाही नै प्रभावित हुने देखिन्छ । भ्रष्टाचार नियन्त्रण गर्न भनेर अख्तियारको व्यवस्था संवैधानिक रूपमै गरिइएको भएपनि आयोगले आफैं कर्मचारी नियुक्ति, सरूवा, बढुवा दण्ड, सजाय गर्न नसक्ने र सरकारी कर्मचारीहरूबाटै कामकारबाही अगाडि बढाउनु पर्ने अवस्था रहेको हुनाले अख्तियारमा काम गर्ने कर्मचारीहरूले आफैं मन्त्रालय र आफू भन्दा माथि सचिवका विरूद्धका उजुरीहरूमा कारबाही गर्न सक्ने हैसियत नराख्ने भएको हुनाले अहिलेकै व्यवस्थाबाट आयोग अघिबढेको खण्डमा किमार्थ भ्रष्टाचार निण्न्त्रण हुँदैन ।

तसर्थ अब संसदबाटै ऐन पारित गरेर आयोगको निर्देशन पालना नर्गेन मन्त्री, सचिवलाई समेत आयोगले कारबाही गर्न सक्ने कानुनी व्यवस्था गरिनु उचित हुने छ । मन्त्रीलाई कारबाही गर्नुपरेको खण्डमा प्रधानमन्त्रीलाई जानकारी गराउनु पर्ने र सचिवलाई कारबाही गर्नुपरेमा मुख्यसचिवलाई जनकारी गराएर पत्राउ समेत गर्न सक्ने र नीतिगत भ्रष्टाचारमासमेत आयोगले विशेष अदालतमा मुद्दा चलाउन पाउने अधिकार आयोगलाई दिएको खण्डमा भ्रष्ट प्रशासनम केही सुधार हुने थियो कि ? नीतिगत भ्रष्टचार गरी मन्त्रीहरूले गैरकानुनी काम गर्दा समेत आयोगले केही गर्न सक्दैन भन्दै अहिलेका मन्त्रीहरूले नीतिगत भ्रष्टाचार गरिरहँदा आयोग भने खरिदार, सुब्बालाई पत्राउ गरी कारबाही चलाउनमै व्यस्त रहेको छ । के यसरी नै भ्रष्टाचारमा शुन्यसहनशीलता होला त ?

## एमाओवादी र मधेसी दल मोर्चाको तयारीमा

काठमाडौं । एकीकृत माओवादी र मधेसी दलहरूबीच बुधबार मोर्चा बनाउने विषयमा छलफल भएको छ ।एकीकृत माओवादीको संसदीय दलको कार्यालयमा भएको छलफलमा एकीकृत माओवादी र मधेसी दलहरूबीच मोर्चा बनाएर जान सकिने विषयमा कुराकानी भएको छलफलमा सहभागी नेताले बताएका छन् । 'एकीकृत माओवादी र मधेसी दलहरूबीच मोर्चा बनाएर जाने विषयमा कुराकानी भएको थियो । 'मोर्चा बनाउने कुरामा उहाँ र हामीबीच सहमति भएको छ,' बैठकमा सहभागी तराई मधेस सद्भावना पार्टीका अध्यक्ष महेन्द्र यादवले नयाँ पत्रिकासित भने, 'संघीयता र पहिचानको मुद्दामा हामी एक ठाउँमा छौं ।'

अर्को बैठक बिहीबार बस्ने भएको छ । बिहीबारको बैठकमा मोर्चा बनाउने विषयमा थप कुराकानी हुने स्रोतको भनाइ छ । बुधबार भएको छलफलमा सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको विरोधमा मतदान गर्ने निर्णय पनि भएको बैठकमा सहभागी नेताले बताएका छन् ।

बैठकमा लोकतान्त्रिक फोरमका अध्यक्ष विजय गच्छेदार, फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव, तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यँक्ष महन्थ ठाकुर र संघीय समाजवादी पार्टीका अध्यँक्ष अशोक राई उपस्थित थिए । माओवादीको तर्फबाट बैठकमा पार्टी अध्यँक्ष प्रचण्ड र बाबुराम भट्टराई उपस्थित थिए ।

## ९८ प्रहरी सम्मानित

वीरगंज । मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र भरतपुरको तत्वाधानमा तथा अंचल प्रहरी कार्यालय नारायणीको प्रत्यक्ष निर्देशनमा सशस्त्र प्रहरी गुल्म नारायणी वीरगंजमा संचालित प्रहरी जवान आधाभुत तालिम १९४ औं समुह को दीक्षान्त समारोह कार्यक्रम सम्पन्न भएको छ ।

अंचल प्रहरी कार्यालय नारायणीका प्रहरी वरिष्ठ उपरीक्षक सर्वेन्द्र खनालको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो समारोहमा तालिम सफलतापुर्वक हासिल गरेका ९८ जना प्रहरी जवानलाई दिक्षित गर्दै, तालिममा सिकेका ज्ञान,शीपलाई आफ्नो कार्यक्षेत्र रहँदा व्यवहारमा लागु गर्न सुझाव दिए ।उनले कसैको डर,त्रास र लोभमा नपरी व्यवसायिक र नागरिक मैत्री भएर काम गर्न र आफ्नो कार्यक्षेत्रमा इमान्दारिताका साथ अगाडि बढ्न भन्नुभयो ।आउँदो दिनहरूमा आफ्नो कार्यक्षेत्रमा यस्तो काम नगर्नुहोला कि जसले प्रहरी संगठनमा आँच पुगोस् भन्ने सतर्क समेत गराउनु भएको थियो । तालिममा सहभागी मध्ये प्रथम सोहन तामाङ्ग ,दोस्रो विकास विक र तेस्रो स्थान दीपक चौधरी थारूले हासिल गरेका थिए ।

त्यसैगरी कवाज तर्फ धन बहादुर गुरूङ्ग,अध्ययनतर्फ तेज बहादुर बस्नेत र प्रहरी कारवाही तथा युक्तितर्फ नर बहादुर विक उत्कृष्ट प्रहरी जवानहरलाई प्रहरी वरिष्ठ उपरीक्षक खनालले कदर पत्रसहित सम्मान गरेका थिए । यस्तै प्रशिक्षकहरू प्रहरी नायब निरीक्षक अविनाश अधिकारी,सरोज कुमार गुप्ता,प्रहरी सहायक निरीक्षक खडग बहादुर खड्का,प्रहरी हवल्दारहरू सन्त कुमार तामाङ्ग र राजेन्द्र महतोलाई पनि प्रशंसापत्र प्रदान गरिएको थियो ।

## आयो एलजीका नयाँ एलइडी टिभी

काठमाडौं । नेपालमा एलजी टेलिभिजनको आधिकारिक विक्रेता सिजी इलेक्ट्रोनिक्सले एलजीका कर्भ ओएलइडी, फोर–के अल्ट्रा एचडी टिभी, स्मार्ट प्लस टिभी सिरिजअन्तर्गतका एलइडी टिभी नेपाली बजारमा भित्र्याएको छ । एलजी एसिया रिजनका सिइओ वियन डेई किम, एलजी इलोक्ट्रोनिक्स सिंगापुरका व्यस्थापकीय निर्देशक सुन सिउपजंग र चौधरी ग्रुपका व्यस्थापकीय निर्देशक निर्वाण चौधरी संयुक्त रूपमा नयाँ एलइडी टिभी बिक्री शुभारम्भ गरेका थिए । कम्पनीका अनुसार गुणस्तरीय विशिष्ट दृश्य, उच्चस्तरीय इमेज डिटेल र रंगका कारण नयाँ एलइडी टिभीमा ग्राहक रोजाइमा पर्न सक्छन् ।

# स्थानीय सरकारका ९ सय ७६ इकाइ बनाउन एमालेको प्रस्ताव

काठमाडौं । एमालेले संघीय संरचनामा स्थानीय सरकारका ९ सय ७६ वटा इकाइ बनाउन प्रस्ताव गरेको छ । एमालेको स्थानीय विकास तथा भौतिक संरचना विभागले मंगलबार सार्वजनिक गरेको प्रस्तावमा स्थानीय इकाइलाई गाउँपालिका, उपनगरपालिका, नगरपालिका, उप–महानगरपालिका र महानगरपालिका गरी पाँच तहमा विभाजन गरिएको छ ।

पार्टी कार्यालय बल्खुमा आयोजित कार्यक्रममा सार्वजनिक गरिएको प्रस्तावमा एमालेले ३९ सय गाविसलाई घटाएर ६ सय ४४ गाँउपालिका, ९५ उपनगरपालिका, दुई सय १७ नगरपालिका, १७ उपमहानगरपालिका र तीन महानगरपालिका बनाउँदा उपयुक्त हुने उल्लेख गरेको छ । विभाग प्रमुख नेत्रप्रसाद पन्थीले काठमाडौं, ललितपुर, भक्तपुर तीनवटै जिल्ला समेट्ने गरी काठमाडौं उपत्यका मेट्रो सिटी रहने र मेट्रो सिटीको अधिकारक्षेत्र प्रदेशसरह हुनेगरी प्रस्ताव गरिएको बताए । एमालेले गरेको प्रस्तावमा काठमाडौं, विराटनगर र पोखरालाई महानगरपालिका बनाउने उल्लेख गरिएको छ भने देशभरमा ७२ जिल्ला परिषद् बनाइने उल्लेख छ ।

प्रस्तावमा नयाँ गठित गाउँ/नगरपालिकाको अधिकार क्षेत्रमा बढोत्तरी गरी हाल जिल्लाबाट प्रदान भएका सेवा सुविधा सोही तहबाट प्रदान गर्ने, गाउँपालिकाको आकार ठूलो बनाउँदा हाल गाविस तहबाट प्रदत्त सेवा सुविधा र स्रोत नयाँ गठित वडा तहबाटै प्रदान गर्ने, पहिचानका पाँच र सामर्थ्यका चार आधारमा स्थानीय सरकारको वर्गीकरण, सीमा र संख्या निर्धारण गर्नेलगायत समेटिएका छन् । नेपालको संघीय राज्यको स्वरूप संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा स्थानीय तहमा अन्य कुनै समानान्तर विशेष संरचना (विशेष क्षेत्र, संरक्षित क्षेत्र तथा स्वायत्त क्षेत्र) नरहने उल्लेख छ ।

स्थानीय तहको संगठनात्मक संरचना र अधिकार क्षेत्रको व्यवस्थामा पनि एमालेले नयाँ प्रस्ताव ल्याएको छ । शक्तिको पृथकीकरण र सन्तुलनका सिद्धान्तमा आधारित गाउँपालिका एवं नगरपालिकामा विधायिकी, कार्यकारी र न्यायिक अंगको व्यवस्था हुने, प्रत्येक स्थानीय सरकार तहमा वैकल्पिक न्याय निरूपण पद्धतिअनुसारको न्यायिक संरचनाको व्यवस्था हुने, स्थानीय सरकारका कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुनेलगायतका वयवस्था पनि एमालेले प्रस्ताव गरेको छ ।

## नेपाली सेनालाई चार 'एक्रो ब्रिज' सहयोग

काठमाडौं । अमेरिकी सरकारले नेपाली सेनालाई २ करोड ८० लाख रूपैयाँ मूल्यबराबरको 'एक्रो ब्रिज' सहयोग दिएको छ । प्राकृतिक विपत्तिका वेला तुरून्त प्रयोगमा ल्याउन मिल्ने पुल 'एक्रोबिज' नेपालस्थित अमेरिकी राजदूत पिटर डब्ल्यू बोडेले प्रधानसेनापति गौरवशमशेर राणालाई हस्तान्तरण गरेका हुन् ।

थानकोटस्थित ब्रिजिङ महाशाखामा राजदूत बोडेले उक्त एक्रोब्रिज हस्तान्तरण गरेका हुन् । अमेरिकी सरकारले सेनालाई चारवटा 'एक्रो ब्रिज' दिएको हो । प्रत्येकको नेपाली मूल्य ७० लाखभन्दा धेरै पर्ने नेपाली सेनाले जनाएको छ । सैनिक प्रवक्ता जगदीशचन्द्र पोखरेलका अनुसार विशेष गरी प्राकृतिक प्रकोपका वेला यसलाई चाँडोभन्दा चाँडो प्रयोग गर्न सकिन्छ । प्राप्त 'एक्रो ब्रिज'मध्ये एउटा थानकोट र अर्को धादिङको गजुरीमा राखिनेछ । बाँकी दुईवटा भने बाराको जितपुर र चितवनको भरतपुरमा राखिनेछ ।

सेनाका अनुसार प्राकृतिक विपत्तिका वेला सडक बन्द भइहाल्यो भने यसलाई तुरून्त प्रयोगमा ल्याउन सकिन्छ । सेनाका अनुसार स्थायी र अस्थायी रूपमा प्रयोग गर्न सकिने पिन र बोल्टको प्रयोग गरी यसलाई १२ घन्टाभित्र जडान गर्न सकिन्छ ।

वैदेशिक रोजगारीमा जाँदा स्वीकृत निकाय मार्फत नेपाल सरकारबाट सूचिकृत मुलुकहरुमा मात्र जाऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार